महालेखापरीक्षकको
वार्षिक लेखापरीक्षण प्रतिवेदन
२०७७

गोदावरी नगरपालिका
कैलाली

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

(प्रादेशिक लेखापरीक्षण महा-निर्देशनालय)
(प्रदेश नं. ५, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेश)

पत्र संख्या: २०७६।७७
च.नं. ८४०

मितिः २०७७/०३/२८

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
गोदावरी नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
कैलाली ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्वन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्वन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भव स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
(प्रादेशिक लेखापरीक्षण महा-निर्देशनालय)
(प्रदेश नं. ५, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेश)

पत्र संख्याः२०७६/७७
च.नं ४३१

मितिः २०७७/३/२८

श्री नगरप्रमूखज्यू,
गोदावरी नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, कैलाली ।

विषयः <u>लेखापरीक्षण प्रतिवेदन ।</u>

कैफियत सहितको राय

हामीले गोदावरी नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससँग सम्बन्धित अन्य बिबरणले स्थानीयतहसँग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तियबिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.१७ करोड १६ लाख ५३ हजार बेरुजु कायम भएको छ । सो मध्ये असुल गर्नुपर्ने रु. १८ लाख ८ हजार, नियमित गर्नुपर्ने रु. ३ करोड ६६ लाख ११ हजार, प्रमाण कागजात पेश हुनुपर्ने रु. ९ करोड ६१ लाख ४७ हजार तथा पेश्की बाँकी रु.३ करोड ७० लाख ८७ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति **२०७६/११/१५** मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया पेश हुन आएको वेरुजु दफामा कुनै पनि दफा फछ्र्यौट नभएकोले प्रारम्भिक प्रतिवेदनमा उल्लेखित बेरुजुका व्यहोराको अन्तिम प्रतिवेदन पाना ३० यसै साथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्तगर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

गोदावरी नगरपालिका
दर्ता नं. २८८
दर्ता मितिः २०७७।०४।२९

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीयविवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमूख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ताल गाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

२०७८।६।२८

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np

गादावरी नगरपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७५।७६

परिचय एव उद्देश्य :- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारणी र न्यायिक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन संकलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न प्रजातान्त्रिक प्रकृया, पारदर्शी व्यवहार, जनउत्तरदायी र जनताको सहभागितामा आधारित दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यका लागि स्थानीय तहको स्थापना भएको हो । नेपाल सरकार एवम् स्थानीय तहमै उपलब्ध हुने स्रोत साधनको अधिकतम प्रयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक कियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मुख्य उद्देश्य रहेको छ ।

आर्थिक बर्ष २०७५।०७६ को एकिकृत आय व्यय विवरण

	आयतर्फ			सि.नं.	व्ययतर्फ		
सि.नं.	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	**गत वर्षको जिम्मेवारी**			१	**संघ**		
	ख) बैंक				क)वित्तीय समानीकरण अनुदान		१६४४६६४६८.००
	अ) संचीत कोष		९६८४९४७२।७५		ख) सशर्त अनुदान		२५३८०००३९.३५
	आ) बिषेश		४७८९४२५।००		ग) सामाजिक सुरक्षा		१२३०८१४००.००
	इ) धरौटी		४१४३०६७१५		घ) स्थानीय पूर्वाधार विकास साझेदारी		१४०७८३२९.००
२	**राजस्व (आन्तरिक आय)**		०.००		ङ) प्रधानमन्त्री रोजगार कार्यक्रम		८५७९०८५.००
	क) आन्तरिक श्रोतको आम्दानी		१६६९४८३१२.५७		च) गरीब संग विशेश्वर		३९४०००.००
	ख) राजस्व बाँडफाँड		१६३८२८३३०.६४		छ) प्रदेश तथा स्थानीय तह क्षमता विकास		३०५०००.००
	ग) मालाखेती अस्पताल आय		४५१९३७०.००		ज) शहरी विकास आयोजना		३१०६४४६९.००
३	**वित्तीय हस्तान्तरण संघ**		०.००		झ) सडक बोर्ड		९९६५८५.००
	क)वित्तीय समानीकरण अनुदान		१९५४०००००.००		ञ) राजस्व बाँडफाँड		११४८२१५६३.०९
	ख) सशर्त अनुदान		२८५५७९०००.००	२	**आन्तरिक श्रोत**		२०९८३४०१७.८४
	ग) सामाजिक सुरक्षा		१३१९३२०००.००	३	**प्रदेश सरकार**		
	घ) स्थानीय पूर्वाधार विकास साझेदारी		१५४०००००.००		क)वित्तीय समानीकरण अनुदान		०.००
	ङ) प्रधानमन्त्री रोजगार कार्यक्रम		८७८५०००.००		ख) सशर्त अनुदान सामाजिक विकास मन्त्रालय		१९४१६००.००
	च) गरीब संग विशेश्वर		३९४०००.००		ग) समपूरक अनुदान		०.००
	छ) प्रदेश तथा स्थानीय तह क्षमता विकास		३०५०००.००		घ) राजस्व बाँडफाँड		०.००
	ज) शहरी विकास आयोजना		३३७२१२३७.७५	४	**अन्य विविध**		
	झ) सडक बोर्ड		९९६५८५.००		क) सिसिएस अनुकुलन परियोजना		४९९४८९.००
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		०.००		ख) छाया नेपाल		३६६३०.००
	क)वित्तीय समानीकरण अनुदान		८४१३०००.००		ग) वातावरण विभाग		१९२०००.००
	ख) सशर्त अनुदान सामाजिक विकास मन्त्रालय		१९६१६००.००	५	घ) मालाखेती अस्पताल		२३३५७७८.००
	ग) समपूरक अनुदान		०.००	६	धरौटी फिर्ता		९६५५३४१.००
	घ) राजस्व बाँडफाँड		३५४११२६.२३	७	कोष खर्च		१८६४२७१०.००
५	**अन्तर स्थानीय तहबाट प्राप्त**		०.००	८	निकासा फिर्ता		३१५३१७२२.०५
६	**विभिन्न कोषतर्फको आय**		३२२०२३०४.००	९	मौज्दात		
१०	**धरौटी आय**		११७८४२४१.००		क) नगद मौज्दात		
१२	**अन्य विविध आय**		०.००		**ख) बैंक मौज्दात**		१८५९६५४७५.७६
	क) सिसिएस अनुकुलन परियोजना		५०००००.००		अ) संचीत कोष		१६१४६३७३७.६१
	ख) छाया नेपाल		३६६३०.००		आ) बिषेश		१८३४९०१९.००
	ग) वातावरण विभाग		१९२०००.००		इ) धरौटी		६१५२७१९.१५
	जम्मा		११७२२२१७०२.०९		जम्मा		११७२२२१७०२.०९

कार्यालय:- गोदावरी नगरपालिका, कैलाली ।   **आर्थिक वर्ष** :२०७५।७६

सि. नं.	भौ.नं.र मिति	लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय बमोजिम छन :	रकम
१.		**योजना तर्जुमा र कार्यान्वयन** :- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानियस्तरको विकास लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दिर्घकालिन विकास योजनाहरुको सूचीतयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय श्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता दिनुपर्ने व्यवस्था ऐनले गरेको छ । नगरपालिकाले यो वर्ष उपरोक्त ऐनले गरेको व्यवस्था बमोजिमका विषयलाई प्राथमिकता दिई मध्यकालिन तथा दिर्घकालिन विकास योजनाहरुको छनौट गरेको छैन । सभाबाट स्वीकृत बजेट तथा कार्यक्रममा अधिकांश स-साना योजनाहरु रहेको, उत्पादनमूलक योजना भन्दा अनुत्पादन तथा वितरणमुखि र नीजि प्रकृतिका योजनाहरु रहेका छन । नगरपालिकाले योजनाको छनौट गरी स्वीकृत गर्दा ऐनले व्यवस्था गरेको विषयलाई ध्यान दिई वितरणमुखि भन्दा उत्पादनमूलक योजनाहरुको छनौट गरी कार्यान्वयन गर्नुपर्दछ ।	
२.		**श्रोतको अनुमान तथा बजेट सीमा** :- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ मा नगरपालिकाले आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने आय, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, आन्तरिक ऋण तथा अन्य प्रक्षेपण गर्ने, राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानिय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित श्रोत र साधनको सन्तुलित वितरणको खाका तय गर्ने, विषय क्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने व्यवस्था गरेको छ । नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, स्थानीय आर्थिक अवस्था, आन्तरिक आयको अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणको आधार तय गर्नुपर्ने व्यवस्था ऐनले गरेको छ । नगरपालिकाले यो वर्ष केन्द्र तथा प्रदेशबाट प्राप्त हुने राजस्व बाँडफाँड तथा वित्तीय हस्तान्तरण लगायत आन्तरिक श्रोत तर्फको बजेट तथा कार्यक्रम बनाउँदा बेग्लाबेग्लै श्रोतगत हिसाबमा बजेट तयार गरेको छैन । राजस्व बाँडफाँड, वित्तीय समानिकरण र आन्तरिक श्रोत सबै रकमलाई एउटै बास्केटमा राखि बजेट तथा कार्यक्रमको प्राथमिकता निर्धारण नगरी चालु तथा पूँजीगत प्रकृतिको विषयमा खर्च गरेको छ । नगरपालिकाले राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानिय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित श्रोत र साधनको सन्तुलित वितरणको खाकाको आधारमा बजेटको बाँडफाँड गर्नुपर्दछ ।	
३.		**लेखाढाँचा** :- सार्वजनिक निकायले सार्वजनिक खर्चको लेखा राख्दा नयाँ स्वीकृत लेखा ढाँचा	

		(NEPSAS) बमोजिम श्रेस्ता लेखा तयार गर्नुपर्दछ । नयाँलेखा ढाँचा आर्थिक वर्ष २०७५।७६ मा स्वीकृत भै लागु भैसकेको अवस्थामा नगरपालिकाले सो बमोजिम नयाँ लेखा ढाँचामा लेखा तयार गरेको छैन ।	
		नियमितताको लेखापरीक्षणबाट देखिएको व्यहोराहरु देहायबमोजिम छन्:	
४.		**आन्तरिक नियन्त्रण प्रणाली** :- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्ना कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । आन्तरिक नियन्त्रण प्रणाली तयार गर्दा कामको प्रकृति अनुरुप जोखिम क्षेत्रको पहिचान गर्ने, नियन्त्रणको वातावरण, सूचनाको आदान प्रदान, अनुगमन तथा मूल्यांकन जस्ता विषयलाई समेटनु पर्ने व्यवस्था ऐनले गरेको छ । नगरपालिकाले ऐनले गरेको व्यवस्था बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याएको छैन । कामको प्रकृति अनुरुप जोखिम क्षेत्रको पहिचान, नियन्त्रणको वातावरण, सुचना आदान प्रदान तथा अनुगमन तथा मूल्यांकन जस्ता विषय समेटिने गरी आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।	
५.		**जिन्सी व्यस्थापन** :- सुदुरपश्चिम प्रदेशको आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयमा रहेको र कुनै श्रोतबाट प्राप्त जिन्सी मालसामानको अद्यावधिक विवरण तयार गरी राख्नु पर्दछ भन्ने व्यवस्था छ । नगरपालिकाले आफ्नो कार्यालयमा रहेका जिन्सी मालसामानको अद्यावधिक विवरण तयार गरी जिन्सी निरिक्षण मूल्यांकन समितिले प्रतिवेदन पेश गरेको छ । जिन्सी निरीक्षण प्रतिवेदन अनुसार मर्मत गर्नुपर्ने सामान तिन महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गर्नुपर्ने व्यवस्था छ । सो अनुसार लिलाम र मर्मत गरेको छैन । साथै नगरपालिकाले जिन्सी खाता, सहायक जिन्सी खाता, पेश्की खाता लगायतका अभिलेखहरु सम्वन्धित शाखा प्रमुख तथा कार्यालय प्रमुखवाट प्रमाणित गरी राख्ने गरेको छैन । कार्यालयले खाताहरु प्रमाणित गरी जिन्सी सामानहरु मर्मत तथा लिलाम गर्नुपर्दछ ।	
६.		**अबकाश कोषको ब्यवस्था** :- स्थानिय सरकार संचालन ऐन २०७४को दफा ९१ मा स्थानिय तहले स्थानिय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धि कानुन वमोजिम अवकास हुँदा प्राप्त गर्ने योजनामा आधारित उपदान वा निवृतिभरण, औषधि उपचार लगायतका सुविधा उपलव्ध गराउनका लागी एक अवकाश कोषको व्यवस्था गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले ऐनले गरेको व्यवस्था वमोजिम अवकाश कोष गठन गरेको छैन ।	
७.		**दरवन्दी र पदपूर्तिको विवरण** :- नगरपालिकामा स्वीकृत भएको दरवन्दी अनुसार पदपूर्ति भएको हुनुपर्दछ । नगरपालिकामा देहाय बमोजिम दरबन्दि र पदपूर्ति भएको विवरण पेश भएको छः । दरवन्दी र पदपूर्तिको विवरण अनुसार विभिन्न १३० पद दरबन्दी भएकोमा पद	

पूति १०९ जना भई २१ रिक्त देखिएकोले सम्बन्धित निकायबाट पदपूर्ति गराई स्थानीय सरकारबाट जनतालाई उपलब्ध हुने सेवा सुविधा चुस्त र दुरुस्त हुनुपर्दछ ।

क.सं	स्वीकृत पद संख्या	पदपूर्ति				रिक्त पद	कैफियत
		संघीय सरकाबाट सरुवा	साबिक स्थानीय निकायमा कार्यरत	आन्तरिक पदपूर्ति	जम्मा पदपूर्ति		
	१३०	३७	११	६१	१०९	२१	

८. **चौमासिक प्रगति विवरण** :- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा स्थानीय तहले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था छ । कार्यालयले चौमासिक विवरण तोकिएको निकायमा पठाएको देखिएन । अतः कानुनको परिपालना हुनुपर्दछ ।

९. **गुरुयोजना तथा वार्षिक योजना** :- सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६ तथा नियमावली,२०६४ को नियम ८ मा सार्वजनिक निकायले कार्यालयको बजेट र कार्य प्रकृतिको आधारमा १० करोड भन्दा बढीको खरिदको हकमा गुरुयोजना र वार्षिक रुपमा वार्षिक खरिद योजना बनाउनु पर्ने व्यवस्था छ । नगरपालिकाले सो ऐन तथा नियमावली बमोजिम गुरुयोजना तथा खरिद योजना बनाएको छैन ।

१०. **अनुगमन कार्य** :- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १६ (ख) मा उपाध्यक्ष वा उप-प्रमुखले योजना तथा कार्यक्रमको अनुगमन गरी प्रतिवेदन गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समितिले कार्य सम्पन्न भैसके पश्चात नगरपालिकाको अनुगमन समितिवाट अनिवार्य कार्य भएको प्रमाणित /सिफारिश गरी भुक्तानीको लागी पेश गर्नुपर्नेमा नगरपालिकाले यो वर्ष कुनै पनि योजनाको अनुगमन समितिबाट अनुगमन परीक्षण गराई भुक्तानी गरेको छैन । ऐनले गरेको व्यवस्था वमोजिम अनिवार्य रुपमा योजनाको अनुगमन गर्नुपर्दछ ।

११. **योजना हस्तान्तरण** :- सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यो वर्ष सञ्चालन गरी कार्य सम्पन्न गरेका योजनाहरु सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छैन । साथै योजना हस्तान्तरण सम्वन्धी व्यवस्था सम्झौतामै उल्लेख गरी उपभोक्ता समिति लाई अविछिन्न उत्तराधिकारी संस्थाको रुपमा दर्ता गर्ने व्यवस्था समेत गरेको छैन ।

१२. **कार्यक्रम खाता** :- कार्यालयले कार्यक्रम तथा स्वीकृत वजेट भित्र रही खर्च गर्न सहज होस भन्ने मनसायले तोकिएको ढाँचामा कार्यक्रम खाता राख्नुपर्दछ । वजेटलाई निश्चित दायरा तथा नियन्त्रण भित्र राख्न म.ले.प.फा.नं. ८ अर्थात वजेट सिट मासिक रुपमा तयार गरी प्रमाणित

गराई राख्नुपर्दछ । नगरपालिकाले विभिन्न श्रोतवाट भएको खर्च तोकिएको कार्यक्रममा मात्र खर्च भएको छ भने विषयमा विश्वस्त हुनेगरी कार्यक्रम खाता राखेको छैन तथा वजेट सिट समेत तयार गरेको छैन । विभिन्न कार्यक्रम र स-साना निकायमा पटक-पटक खर्च गरिने भएकोले आर्थिक नियन्त्रण र आर्थिक अनुशासन कायम गर्न समेत सार्वजनिक निकायले कार्यक्रम खाता राख्नुपर्दछ ।

१३. **प्रगति विवरण :-** नगरपालिकाले नगर सभावाट स्वीकृत भएका योजनाहरुमा तोकिए वमोजिम कार्य प्रगति हुन सकेको छैन । प्राप्त विवरणमा तोकिए वमोजिमको कार्य हुन नसक्नुमा ढिलो सम्झौता भएको जनाएको छ । विकास निर्माण जस्तो कार्य तोकिएको समयमा सम्पन्न गर्नका लागि समयमै सम्झौता गरि कार्यान्वयन गर्ने तर्फ नगरपालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

<u>नगरपालिका (चालु)</u>

१४. **स्थानीय तहका पदाधिकारी सुबिधा :-** नेपालको संबिधानको धारा २२७ मा गाँउ सभा तथा नगर सभाका सदस्यले पाउने सुबिधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यबस्था अनुसार सुदुर पश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यबस्था अनुसार गोदावरी नगरपालिकाले पदाधिकारीको पारिश्रमिकमा रु. ७८३६०००।०० खर्च गरेको छ ।

सि.नं	पदाधिकारीको नाम	संख्या	मासिक तलव	महिना	बार्षिक जम्मा
	मेयर	१	३५०००.०	१२	४२००००.००
	उपमेयर	१	३००००.०	१२	३६००००.००
	वडा अध्यक्ष	१२	२२०००.०	१२	३१६८०००.००
	कार्यपालिका सदस्य	८	९०००.०	१२	८६४०००.००
	वडा सदस्य	४२	६०००.०	१२	३०२४०००.००
	जम्मा				७८३६०००.००

१५. **पदाधिकारी बैठक भत्ता :-** सुदुर पश्चिम प्रदेश स्थानिय तहका पदाधिकारी तथा सदश्यको सुविधा सम्बन्धी ऐन २०७५ मा १२ महिनाको पारिश्रमिक पाउने व्यवस्था छ । अन्य भत्ता पाउने व्यबस्था छैन । कार्यालयले देहाय अनुसार बैठक भत्ता भुक्तानी गरेकोले उक्त अनियमित खर्च नियमित गर्नपर्दछ । २४४१५००.००

भौ नं र मिति	वडा नं	सदस्य संख्या	पटक	महिना	दर	रकम
३०/०७५/५/६३	१	५	२	१२	१०००.००	१२००००.००
	२	५	२	१२	१०००.००	१२००००.००
	३	६	२	१२	१०००.००	१२००००.००

	४	६	२	१२	१०००.००	१४४०००.००
	५	४	२	१२	१०००.००	१२००००.००
	६	६	२	१२	१०००.००	१२००००.००
	७	६	२	१२	१०००.००	१४४०००.००
	८	६	२	१२	१०००.००	१४४०००.००
	९	५	२	१२	१०००.००	१२००००.००
	१०	६	२	१२	१०००.००	१४४०००.००
	११	५	२	१२	१०००.००	१२००००.००
	१२	६	२	१२	१०००.००	१४४०००.००
	नगरकार्यपालिका					८८१५००.००
	जम्मा					२४४१५००.००

१६. **पदाधिकारीको वढी तलव :-** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वधि ऐन, २०७५ को दफा ७ मा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको सेवावाट अवकास लिई त्यस्तो वा तहवाट निवृतिभरण पाईरहेको कुनै व्यक्ति पदाधिकारी वा सदस्य पदमा निर्वाचित भएमा त्यस्तो व्यक्तिले मासिक पारिश्रमिकको ५०% मात्र रकम पाउने व्यवस्था छ । नगरपालिकाको देहायका पदाधिकारी सेवा निवृत भै निवृतिभरण पाईरहेको अवस्थामा ऐनको व्यवस्था वमोजिम ५०% मात्र पारिश्रमिक लिनुपर्नेमा शतप्रतिशत नै पारिश्रमिक भुक्तानी भएको छ । ५०% ले हुने रु. ७२,०००।- बढी भुक्तानी भएकोले असूलगरी स्थानिय संचित कोष दाखिला गर्नुपर्दछ । — ७२०००.००

पदाधिकारीको नाम/पद	वडा नं	मासिक प्राप्त गर्नुपर्ने रु	मासिक भुक्तानी भएको रु	बढी भुक्तानी (मासिक)	कुल बढी भुक्तानी रु (बार्षिक)
सदस्य श्री कृत वहादुर चन्द	१	३०००.००	६०००.००	३०००.००	३६०००.००
सदस्य श्री जप वहादुर बोहरा	३	३०००.००	६०००.००	३०००.००	३६०००.००
जम्मा					७२०००.००

१७. १४८१-०७६/३/३१ **त्रिपाल खरीद :-** सार्वजनिक खरीद नियमावलीको नियम ३ मा सार्वजनिक निकायले कुनै खरीद गर्दा खरीद आवश्यकताको पहिचान गरेर मात्र खरीद गर्नुपर्ने व्यवस्था गरेको छ । नगरपालिकाले आर्थिक वर्षको अन्तमा २५१ थान त्रिपाल खरीद गरी रु. ४,९९,४८९।- भुक्तानी गरेको छ । आवश्यकता पहिचान नभएको तथा खरीद भएका सबै त्रिपाल लेखापरीक्षण अवधिसम्म कार्यालयमा नै मौज्दात रहेकोले आवश्यक भएको अवस्थामा खरीद — ४९९४८९.००

		गरेको खर्च रकम नियमित गर्नुपर्दछ ।	
१७.१		**खर्चको पुस्ट्याई नभएको :-** नगरपालिकाले आर्थिक वर्षको अन्तमा मिति २०७६।३।३१ गते भण्डारमा मौज्दात रहेको २४० थान त्रिपाल विभिन्न वडामा ४०,५० थानको दरले पठाएको व्यहोरा निकासी फाराममा उल्लेख गरेको छ । कुनैपनि वडामा माग गरेको , आवश्यकताको पहिचान गरेको तथा वितरण भर्पाई नराखी कुनै वडामा पत्रको आधारमा , कुनै वडामा माग फारामको आधारमा निकासी गरेको देखिन्छ । आर्थिक वर्षको अन्तमा २४० थानको रु. ३,३२,२२०।- मूल्य वरावरको सो त्रिपाल कस-कसलाई वितरण गरेको हो सो को वितरणको आधार तथा त्रिपाल वुझ्नेको भर्पाई पेश गर्नेपर्दछ ।	३३२२२०.००
१८.		**सोझै खरीद :-** सार्वजनिक खरीद नियमावली २०६४ को नियम ३१ मा सार्वजनिक निकायले २० लाख भन्दा वढीको लागत अनुमान भएको निर्माण कार्य, माल-सामान खरिद गर्दा वोलपत्रको माध्यमवाट खरीद गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यो वर्ष रु. ६२,२८,३२१।- वरावरको कार्यालय सामान सोझै खरीद गरेको छ । नियममा भएको व्यवस्था बमोजिम वोलपत्रको माध्यमवाट खरीद नगरी सोझै खरीद गरेकोले नियमको पालना गरी खर्च गर्नपर्दछ ।	६२२८३२१.००
१९.		**राजस्वको आर्थिक बिरण नबनाएको :-** कार्यालयले गत आर्थिक बर्षमा संघिय कोषमा जम्मा गरेको रकमहरुको विरण तयार गरी राजस्वको आर्थिक बिबरण बनाउनु पर्दछ । कार्यालयले गत बर्ष संघिय संचितको दाखिला गरेको देहायका राजस्वलाई आर्थिक विबरण तयार गरी पेश गरेको छैन ।आर्थिक विबरण तयार पारी पेश गर्नुपर्दछ ।	
२०.		**आर्थिक सहायता तथा चन्दा पुरस्कार** :- नगरपालिकाले देहाय वामोजिम रु.३७,०००।- आर्थिक सहायता उपलब्ध गराएको छ । नगरसभा बाट निश्चित मापदण्ड तथा कार्यविधि बनाई समानता हुनेगरी वितरण गर्नुपर्नेमा कार्यविधि तय नगरी आर्थिक सहायता वितरण गरेको छ ।	

गो भा नं र मिति	विबरण	रकम
४७१/०७५/९/९	वडा नं ११र ७ ०७४।७५ पेश्की फर्छ्यौट गर्दा दाखिला	३९९८००.००
४६९/०७५/९/९	वडा नं १२,४र १ ०७४।७५ पेश्की फर्छ्यौट गर्दा दाखिला	१०९६८००.००
४६८/०७५/९/९	वडा नं २को ०७४।७५ पेश्की फर्छ्यौट गर्दा दाखिला	१३८८००.००
७०/०७५/५/१५	वडा नं १०को ०७४।७५ पेश्की फर्छ्यौट गर्दा दाखिला	३२५२००.००
	जम्मा	१९६०६००.००

भौ.नं र मिति	सहायता पाउँनेको नाम	रकम
८१/०७५/५/१७	२ नं वडा सदस्य श्री पुष्पलाल खतिवडा	२५०००.००
६८/०७५/५/१५	वडा नं ६ श्री टेकराज महतो	२५००.००

<table>
<tr><td></td><td></td><td><table>
<tr><td>८२/०७५/५/१९</td><td>वडा नं ६ श्री वाटु साउद</td><td>२५००.००</td></tr>
<tr><td>८५/०७५/५/१९</td><td>वडा नं ९ श्री बालसिह साउद</td><td>५०००.००</td></tr>
<tr><td>८८/०७५/५/२१</td><td>वडा नं १ श्री तारा दत्त जोशी</td><td>२०००.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२१.</td><td></td><td>लेखा राख्नुपर्ने :- सूदुर पश्चिम प्रदेश सरकारको आर्थिक कार्यविधी नियमित तथा व्यवस्थित गर्न वनेको ऐन,२०७४ को दफा ४ मा प्रदेश संचित कोषको लेखा अद्यावधिक रुपमा राख्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले खर्च भएको गोश्वारा भौचर साथ विल भर्पाई संलग्न गरी राख्नुपर्दछ । नगरपालिकाले देहायका कारोबारहरुमा बिल भरपाई पेश नभएकोले बिल भरपाई पेश गर्ने अन्यथा असुल गरी दाखिला गर्नुपर्दछ ।
<table>
<tr><th>सि नं</th><th>भौ नं र मिति</th><th>बिरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>२४७/०७५/६/२५</td><td>बुढितोला गाउँसुधार समितिले छाता टोपी सल खरीद गरेकोमा विल नभएको</td><td>३७५५०.००</td></tr>
<tr><td>२</td><td>५४४/०७५/१०/६</td><td>वडा नं ६ ले महिला स्वयं सेवक ४ जनालाई रु ४०००। रीर्चाजकाड वितरण गर्दा शान्ती बोगटीले बुझेकोमा अन्यलाइ बुझाएको भरपाई नभएको</td><td>१२०००.००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>४९५५०.००</td></tr>
</table></td><td>४९५५०.००</td></tr>
<tr><td>२२.</td><td>७९४/०७५/१२/१५</td><td>कर विजक नम्बर हातले लेखेको :- मुल्य अभिबृद्धि कर ऐन २०५२ तथा नियमावली २०५३ मा कर बिजक प्रिन्टेड हुनु पर्दछ । बिजक नम्बर केरमेट र हातले सच्चाएको मान्य नहुने उल्लेख छ । कार्यालयले ग्रामिण एकिकृत रुपान्तरण नेपाल बेलडाँडी कन्चनपुर संग सुकुम्बासीहरुलाई २०७५।१२।५ देखि १९ सम्म क्षमता बिकास तालिम गर्न सम्झौता गरी मुल्य अभिबृदि सहित रु.५९८६७४।-भुक्तानी गरेकोमा उक्त संस्थाको कर विजक नं ०१ र ०३ मिति २०७५।१२।२४ को बिजक नं हातले लेखेको देखिएकोले उक्ते मुल्य अभिबृद्धि कर रु.६८८७४।- समायोजन गरेको प्रमाण पेश गर्नुपर्दछ ।</td><td>६८८७४.००</td></tr>
<tr><td>२३.</td><td></td><td>लेखा :- सूदुर पश्चिम प्रदेश सरकारको आर्थिक कार्यविधी नियमित तथा व्यवस्थित गर्न वनेको ऐन,२०७४ को दफा ४ मा खर्च भएको भौचर साथ लेखा तयार गरी राख्नुपर्ने व्यवस्था रहेको छ ।नगरपालिकाले श्रीपुर बिल्डर्स, गो.न.पा.७, कैलालीलाई वडा नं. ५, ६, ७, ८ मा चाहिने ग्राभेल खरीद भनी रु.६००।०० प्रति घन मी. का दरले १७६ घन मि. को रु.१०५,६००।– भुक्तानी गरेको छ । उक्त ग्राभेल कुन कुन वडाका सडकमा प्रयोग भएको नखुलेकोले कार्यादेश र बिल श्रीपुर बिल्डर्सको नाममा तर भुक्तानी श्रीपुर सती साबित्री जे.भी.लाई भएकोले रकम सम्बन्धित पक्षले पाए नपाएको एकिन गर्न नसकिने हुँदा श्रीपुर बिल्डर्सले रकम वुझेको प्रमाण पेश तथा ग्राभेल प्रयोग भएको नापी किताव लगायतको प्रमाण पेश गर्नुपर्दछ ।</td><td>१०५६००.००</td></tr>
<tr><td>२</td><td></td><td>दैवि प्रकोप व्यवस्थापन कोषः- नगरपालिकाले यो वर्ष विपत व्यवस्थापन कोषवाट रु.</td><td></td></tr>
</table>

४. १,८२,९२,७१०।- खर्च गरेको छ । नगरपालिकाले विपन्न नागरिक सहायता कोषको कार्यविधि तथा प्रति कार्य योजनाको आधारमा खर्च गर्नुपर्नेमा कार्यविधि तथा कार्य योजना तयार नगरी आकस्मिक कार्यको लागी अनुगमन समितिको निर्णयको आधारमा खर्च गरेको छ । विपन्न नागरिक सहायता कार्यविधि तथा प्रति कार्ययोजना तयार गरी स्वीकृत गरेर मात्र खर्च गर्नुपर्दछ ।

२४.१ **पेश्की वाँकी** :- दैवी प्रकोप कोष तर्फ नगरपालिकाले मिति २०७६।२।२३ गतेको हावाहुरीवाट ठूलो क्षति भएको अवस्थामा अनुगमन समितिको निर्णयवाट रु. १,८२,९२,७१०।- पेश्की खर्च लेखेकोमा देहायको वडा वाट रु. १,१८,९१,६५०।- पेश्की फछ्र्यौट हुन वाकी रहेकोले सो को श्रेस्ता प्राप्त गरी पेश्की फछ्र्यौट गर्नुपर्दछ । ११८९१६५०.००

सि.नं.	वडा नं.	पेश्की लिने कर्मचारी (वडा सचिव)	पेश्की रकम रु.
१	१	कुन्ता भण्डारी	१५१८०००.००
२	२	दिव्य कुमारी जोशी	२४५०००.००
३	३	हिक्मत वहादुर साउद	३८४४०००.००
४	५	अनिल चौधरी	७२५५००.००
५	६	दुर्गा प्रसाद जोशी	८६५०००.००
६	७	विरेन्द्र वहादुर अधिकारी	३०२७०००.००
७	९	गणेश दहाल	१०९००००.००
८	१०	गोविन्द राज जोशी	५७७१५०.००
		जम्मा	११८९१६५०.००

<u>नगरपालिका (पूजिगत):-</u>

२५. **विशेष कोष :-** नगरपालिकाले यो वर्ष विभिन्न प्रकारका ८ वटा कोष संचालनमा ल्याएको छ । आर्थिक वर्षको अन्तसम्म ती कोषमा रु. १,८३,४९,०१५।- मौज्दात रहेको छ । नगरपालिकालाई भविष्यमा सिर्जना हुने दायित्वहरुलाई वहन गर्नेगरी आवश्यक पर्ने कोषहरु मात्र नगरसभाको स्वीकृतिमा मात्र खोल्नुपर्दछ । नगरपालिकाको दायित्व भित्र नपर्ने र दीर्घकालिन महत्व नभएका कोषहरु वन्द गर्नुपर्ने देखिन्छ ।

२५.१ ४४६-२०७६।३।५ **मर्मत सम्भार कोष :-** नगरपालिकाले यो वर्ष यस मर्मत सम्भार कोषमा रु. ५०,००,०००।- विनियोजन गरी नगरपालिका पूँजिगतवाट रकम ट्रान्सफर गरी जम्मा गरेको छ । सडक मर्मत तथा सम्भार लगायतका पूजीगत प्रकृतिका मर्मत कार्यहरु पूजीगत कार्यक्रम वाट नै गर्न सकिने अवस्थामा मर्मत सम्भार कोष स्थापनाको औचित्य देखिदैन । पूजीगत शिर्षकवाट

		रकम ट्रान्सफर गरी मर्मत सम्भार कोषमा लगि खर्च गर्दा चालु प्रकृतिका शिर्षकमा समेत खर्च हुने सम्भावना रहन्छ । नगरपालिका पूजीगत शिर्षकवाट नगरसभाको स्वीकृतिमा खर्च गर्नुपर्नेमा मर्मतसम्भार कोषमा रकम ट्रान्सफर गरेको खर्च नियमित नदेखिएकोले उक्त खर्चलाई नियमित गर्नुपर्दछ ।	५००००००.००
२६.	६१९-२०७६।३।६	**बढी भुक्तानी :-** सडक तथा पुल निर्माण कार्य अन्तर्गत इन्द्र मेडिकल देखि दिपक पन्तको घरसम्म कालोपत्रे गर्ने कार्यमा आइटम नं. १ (earth work excavation) मा लागत अनुमानमा २१३.७०० घन मी. गर्ने भनेकोमा प्रथम विलमा नै ३७२.६० घन मी. काम गरेको देखाई रु. १,०७,०७४।- भुक्तानी भएको छ । के कति कारणले लागत अनुमान भन्दा ७५ प्रतिशत कार्य वढेकोमा कुनै प्राविधिक पुस्ट्याई नभएको कारण वढी कार्य देखाएको १५९ घन मी. को प्रति घन मी. रु.२८७.३७ को दरले रु. ४५,६९२।- वढी भुक्तानी भएको असूल गर्नुपर्दछ ।	४५६९२.००
२७.		**उपभोक्ता समिति मार्फत कार्य :-** सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउने कार्यविधिको वारेमा व्यवस्था भएको छ । एक करोड सम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धि सेवा सोही स्थानमा वसोवास गर्ने वासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायवाट गराउन सकिने, निर्माण कार्य वा सेवाको प्रकृति,परिमाण,लागत अनुमान,उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम, कार्य वा सेवा उल्लेख गर्नुपर्ने, ६० (साठी लाख) रुपैया भन्दा वढी लागत अनुमान भएको कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समितिले गर्नुपर्ने योग्दान खुलाउनुपर्ने प्रावधान नियमावलीले गरेको छ । नगरपालिकाले यो वर्ष उपभोक्ता समिति मार्फत गरेको कार्यमा समुदायले व्यहोर्नुपर्ने रकम उल्लेख गरेपनी के काम उपभोक्ताले गर्ने हो सो कार्य लागत अनुमान, उपभोक्ताको विल, नापी किताव तथा कार्यसम्पन्न प्रतिवेदन कतै पनि उल्लेख गरेको छैन । उपभोक्ताले गरेको योग्दान कही कतै उल्लेख नगरेको कारण नगरपालिकाले व्यहोर्ने अंशवाट मात्र कार्य भएको छ भन्न सकिने अवस्था छ । कामको प्रकृति जस्तो छ त्यस्तै प्रकृतिको उपभोक्ता समिति गठन भै कार्य भएको छ । उपभोक्ता समिति अविछिन्न उत्तराधिकारी संस्थाको रुपमा दर्ता गर्ने व्यवस्था छैन । सम्पन्न भएका योजनाहरु सम्वन्धित उपभोक्ता समितिलाई संचालन, मर्मत सम्भार र स्वामित्व हस्तान्तरणको कार्य पनि भएको छैन ।	
२७.१	४८८-०७६।३।१५	नगरपालिकाको वडा नं. १ अन्तर्गत विभिन्न टोल (भरतपुर टोल,मनहरा टोल,पृथ्वी टोल,साइपाल टोल,सृजनशिल टोल र वाँसवारी टोल) भित्र कालोपत्रे गर्नेगरी नगरपालिकाले मिति २०७५।१२।२९ गते "विभिन्न वाटो कालोपत्रे निर्माण उपभोक्ता समिति" संग सम्झौता गरेको छ । कुल लागत रु.२२,७९,२१३।- रहेको यस निर्माण उपभोक्ता समिति जस्तो काम छ त्यस्तै नाममा गठन भएको छ । अस्थायी प्रकृतिको उपभोक्ता समिति गठन भै निर्माण कार्य गराउदा नियमावलीले गरेको व्यवस्था वमोजिम स्वामित्व हस्तान्तरण, मर्मत सम्भार र	

		संचालनमा समस्या हुने गर्दछ । नगरपालिकाले सो कार्यको लागत अनुमान तयार गर्दा कुन टोलमा कहाँ देखी कहाँ सम्म कालोपत्रे गर्ने भन्ने प्रस्ट ठाँउ उल्लेख गरेको छैन । कार्य भएको विल, नापी कितावमा समेत ठाँउ विशेष काम भएको उल्लेख नभएको कारण उपलब्धिमूलक तरिकावाट काम भएको छ भन्न सकिने अवस्था छैन । यस कार्यको लागी नगरपालिकाले रु.१९,००,०००।- व्यहोर्नेगरी सम्झौता भएकोमा रु.१८,६२,८४४।- खर्च गरी कार्यसम्पन्न गरिएकोमा नियमावलीले गरेको व्यवस्था वमोजिम लागत अनुमान,विल तथा कार्यसम्पन्नमा समेत कार्यसम्पन्नको विस्तृत विवरण नखुलाई भएको कार्य, अनुगमन समितिको सिफारिश नभएको अवस्थामा भएको भुक्तानीलाई नियमित गर्नुपर्दछ ।	१८६२६४४.००
२८.		**सर्भे कार्य :-** सार्वजनिक खरीद नियमावली २०६४, को नियम ३ मा सार्वजनिक निकायले खरीदको कारवाही गर्दा खरीद आवश्यकताको पहिचान गर्ने , खरीदको लागत अनुमान तयार गर्ने तथा आर्थिक श्रोत र रकमको पहिचान गर्नुपर्ने व्यवस्था गरेको छ । कार्यालयले विभिन्न सडकहरुको सर्भे कार्यको लागी कार्यालयकै कर्मचारीहरुलाई कि.मि. को आधारमा रकम उल्लेख गरी पेश्की रु. ६,०६,७२४।- उपलब्ध गराएको छ । कार्यालयमा कार्यरत कर्मचारीलाई कार्यालयको काममा खटाउदा भ्रमण आदेश भरी दैनिक भ्रमण भत्ता उपलब्ध गराउने गरी काममा खटाउनु पर्दछ । मितव्ययीरुपमा कम खर्चमा बढी उपलब्धि हुने कार्यमा कार्यालयले कार्य सम्पादन गर्नुपर्दछ । कार्यालयमा उपलब्ध जनशक्तिले नभ्याएको अवस्थामा सार्वजनिक खरीद ऐन तथा नियमावली वमोजिम सार्वजनिक सूचना आह्वान गरी प्रतिस्पर्धाको माध्यमवाट परामर्शदाता छनोट गरी कार्य गराउनु पर्दछ ।सडकको सर्भे प्रतिवेदन प्राप्तगरी सोही प्रतिवेदनको आधारमा सडकको लागत अनुमान वनाई उपभोक्ता मार्फत कार्य सम्पन्न गर्नुपर्नेमा सर्भे प्रतिवेदन विना सडक उपभोक्ता समितिसंग सम्झौता गरी कार्य भएको छ । सडक सर्भे कार्यको लागी गएको केही पेश्की रकमको हालसम्म प्रतिवेदन प्राप्त नभएको अवस्था छ ।	
२८.१		**पेश्की वाँकी :-** सर्भे कार्यको लागी सव-इन्जीनियर श्री राजेन्द्र भण्डारीले लिएको पेश्की रु.१,५०,०००।- सो कार्य लेखापरीक्षण अवधि सम्म पनि सम्पन्न नभएको कारण पेश्की लिएको रकम स्थानीय संचित कोषमा दाखिला गरी पेश्की फछ्र्यौट गर्नुपर्ने पर्दछ ।	१५००००.००
२९.		**वोलपत्रको माध्यमवाट गराउनु पर्ने कार्य उपभोक्ता समिति मार्फत :-** सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७(१) मा एक करोड रुपैया सम्मको लागत अनुमान भएको निर्माण कार्य सोही स्थानमा वसोवास गर्ने वासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समितिवाट गराउन सकिने व्यवस्था छ । एक करोड भन्दा वढी लागत अनुमान भएको निर्माण कार्य सार्वजनिक खरीद ऐन २०६३ तथा नियमावली २०६४ वमोजिम वोलपत्रको माध्यमवाट प्रतिस्पर्धा गराई ठेक्का व्यवस्थापन गर्नुपर्दछ । नगरपालिकाले पदम कडायतको चिउरा मिल देखि रिङ्ग रोड सम्म एउटै ठाउँमा ३ वटा उपभोक्ता समिति गठन गरी कार्य गराएको छ । एउटै नाउँ गरेको उपभोक्ता समिति "पदम कडायतको चिउरा मिल देखि रिङ्गरोड सम्म ढल निकास उपभोक्ता समिति" गठन गरी ढल	

<table>
<tr><td></td><td></td><td>निकासको कार्य, विद्युत पोल सार्ने कार्य र सडक स्तरोन्नति तथा स्ल्याव निर्माण कार्यको छुटाछुटै ३ वटा लागत अनुमान तयार गरी रु.१,३८,४३,५८३।- को काम गराएको छ । एउटै लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमवाट ठेक्का व्यवस्थापन गरी कार्य गराएको खण्डमा कम लागतमा कार्य गराउन सक्ने अवस्था रहेको देखिन्छ । ढल निकासको कार्य आर्थिक वर्ष २०७४।०७५ मा सक्नुपर्नेमा आर्थिक वर्ष २०७५।०७६ को अन्तसम्म समेत सकेको छैन । वोलपत्र छल्ने हिसाववाट एउटै वाटोमा एउटै निर्माण व्यवसायी वाट गराउन सकिने कार्यलाई विभिन्न उपभोक्ता समिति गठन गरी कार्य गराई रु. ७३,३८,४६७।- भुक्तानी गरेको छ ।</td><td></td></tr>
<tr><td>३०.</td><td></td><td>मूल्य अभिवृद्धि कर :- संघीय सरकार/नेपाल सरकारको आर्थिक विधेयक,२०७६ बमोजिम मिति २०७६ जेठ १५ गते पश्चात निर्माण व्यवसायी/सप्लायर्सलाई भुक्तानी हुने मूल्य अभिवृद्धि करको ५० प्रतिशत मू.अ.कर भुक्तानी भएको समयमा नेपाल सरकारको मूल्यअभिवृद्धि कर कोष खातामा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ । नगरपालिकाले देहायबमोजिमको कार्यमा रु.२१,१२,३३५।-बराबर मूल्य अभिवृद्धि कर भुक्तानी भएकोमा उपर्युक्त ऐन बमोजिम कट्टा गरी जम्मा नगरेकोले भुक्तानी भएको मू.अ.कर सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा जम्मा गरेको प्रमाण पेश गर्नपर्दछ ।
<table>
<tr><th>भौ. नं. /मिति</th><th>पाटी</th><th>कार्य</th><th>रकम रु.</th></tr>
<tr><td>६०९-०७६।३।२४</td><td>वागेश्वरी सिभिल कन्सल्ट प्रा.लि</td><td>सर्भे</td><td>३७९६०.००</td></tr>
<tr><td>६११-०७६।३।२४</td><td>पेसो कन्सल्टेन्ट प्रा.लि.</td><td>सर्भे</td><td>५६८१०.००</td></tr>
<tr><td>६५०-०७६।३।२४</td><td>श्री कृष्ण मन्दिर खानेपानी तथा सरसफाई</td><td>जेनेरेटर खरिद</td><td>१२६५५५.००</td></tr>
<tr><td>६५६-०७६।३।२४</td><td>भागेश्वर ह्युम पाइप इन्डस्ट्रिज प्रा.लि</td><td>तार पोल खरिद</td><td>३७२७४.००</td></tr>
<tr><td>६५९-०७६।३।२४</td><td>भागेश्वर ह्युम पाइप इन्डस्ट्रिज प्रा.लि</td><td>जेनेरेटर खरिद</td><td>५६९५४.००</td></tr>
<tr><td>६५८-०७६।३।२४</td><td>दहाल मल्टी ट्रेड प्रा.लि.</td><td>ग्राभेल</td><td>२८७०४.००</td></tr>
<tr><td>६९५-०७६।३।२४</td><td>स्वार कन्सट्रक्सन प्रा.लि.</td><td>ग्राभेल</td><td>८७८५४.००</td></tr>
<tr><td>६७९-०७६।३।२४</td><td>न्यू सिद्धार्थ रेफिजरेसन सेन्टर</td><td>puff panel खरिद</td><td>११७०९८३.००</td></tr>
<tr><td>६७८-०७६।३।२४</td><td>ओपल टेक्निकल</td><td>सडक सौर्य वत्ति</td><td>३३७८२५.००</td></tr>
<tr><td>६८७-०७६।३।२४</td><td>एस. एम. ट्रेड इन्टरनेशनल</td><td>जेनेरेटर खरिद</td><td>१७१४१६.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२११२३३५.००</td></tr>
</table></td><td>२११२३३५.०० </td></tr>
<tr><td>३१.</td><td>६५०-०७६।३।२५</td><td>सोझै खरिद :- सार्वजनिक खरीद नियमावली २०६४ को नियम ८४ मा सार्वजनिक निकायले वीस लाख रुपैया सम्म लागत अनुमान भएको मालसामान सिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्न सकिने व्यवस्था गरेको छ । जेनेरेटर तथा मोटर खरिद कार्य सवै डिप ट्युवेलमा अर्थात सवै वडाहरुमा वितरण मिलाउने गरी खरिद प्रक्रिया</td><td></td></tr>
</table>

		गर्नुपर्नेमा श्री कृष्ण मन्दिर खानेपानी तथा सरसफाई वाट १२.५ KVA, १५ KVA र २० KVA का ३ थान जेनेरेटर खरिद गरेको छ । खरिद गरेको जेनेरेटर नगरपालिकामा दाखिला गरेको छैन । खरिद कार्यको लागी मोटर तथा जेनेरेटर उपभोक्ता समिति गठन गरी उपभोक्ता समिति मार्फत खरिद गरेको देखाइएको छ । आवश्यकताको पहिचान नगरी आर्थिक वर्षको अन्तमा खरिद गरेको जेनेरेटर कसैलाई वुझाएको तथा कार्यालयमा दाखिला समेत नभएकोले सो खर्च रकम असूल गरी दाखिला गर्नुपर्दछ ।	१०००००० .००
३२ .	६५७-०७६।३। ६	**दाखिला नभएको :-** नगरपालिकाले विभिन्न वडाको लागी ८ थान पानी तान्ने मोटर खरिद गरी रु.३,७३,६८८।- खर्च लेखेको छ । खरिद गरिएको सामान नगरपालिकामा दाखिला गरी सम्बन्धित वडालाई वुझाउनुपर्नेमा दाखिला गरेको तथा वडामा वुझाएको भर्पाई समेत संलग्न नगरेकोले भर्पाई संलग्न गर्नपर्दछ ।	३७३६८८.० ०
३३ .		**ग्राभेल खरिद :-** नगरपालिकाले आन्तरिक आयको लागी नदीजन्य पदार्थको संकलन गर्ने कार्यमा ठेक्का व्यवस्थापन भएको कार्यक्षेत्रवाट नगरपालिकाको आन्तरिक प्रयोजनको लागी देहाय वमोजिम ग्राभेल आफ्नो ट्रिपरमा रोयल्टी सम्बन्धित ठेकेदारलाई वुझाउने गरी खरिद गरेको छ । खरिद गरेको नदीजन्य पदार्थ ग्राभेल वापत रु. १०,१३,१५८।- भुक्तानी गरी ११६६४ घन मी. ग्राभेल ल्याएकोमा सो को मौज्दात तथा खर्चको नापी किताव नगरपालिकाले राखेको छैन । सवै निर्माण कार्य उपभोक्ता समिति तथा निर्माण व्यवसायीवाट गराएको अवस्थामा नगरपालिकाले नै खरिद गरी भएको खर्चको विवरण उपलब्ध हुन नसकेकोले सो वमोजिमको खर्च असूल गर्नुपर्दछ । <table><tr><td>भौ. नं./मिति</td><td>पाटी</td><td>विवरण</td><td>परिमाण</td><td>रकम रु.</td></tr><tr><td>६५८-०७६।३।२६</td><td>दहाल मल्टीट्रेड प्रा.लि.</td><td>ग्राभेल</td><td>२९४४ घन मी.</td><td>२४९५०४.००</td></tr><tr><td>६९५-०७६।३।३०</td><td>स्वार कन्सट्रकसन प्रा.लि.</td><td>ग्राभेल</td><td>८७२० घन मी.</td><td>७६३६५४.००</td></tr><tr><td></td><td></td><td></td><td>११६६४ घन मी.</td><td>१०१३१५८.००</td></tr></table>	१०१३१५८. ००
३ ४.		**शित भण्डार निर्माण :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा १ करोड रुपैया सम्म लागत अनुमान भएको निर्माण कार्य सोही स्थानमा वसोवास गर्ने वासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समितिवाट गराउन सकिने व्यवस्था रहेको छ । नियम ९७ ३(क१) मा साठी लाख रुपैया भन्दा वढी लागत अनुमान भएको कार्यमा प्रत्येक कार्य इकाइमा उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने योग्दान उल्लेख गर्नुपर्ने व्यवस्था गरेको छ । नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र वडा नं. १ अत्तरियामा रु.१,०१,७८,९८३।- मा शित भण्डार तयार गर्न लागत अनुमान तयार गरी कृषि वजार व्यवस्थापन समिति संग सम्झौता गरी कार्य गराएको छ । सार्वजनिक खरिद नियमावली वमोजिम रु. एक करोड भन्दा वढीको लागत अनुमानको कार्य वोलपत्रको माध्यमवाट प्रतिस्पर्धा गराई गराउनुपर्नेमा उपभोक्ता समिति समेत गठन नगरी वजार व्यवस्थापन समितिवाट गराएको छ । नियमावलीले गरेको व्यवस्था वमोजिम प्रत्येक	

		इकाईमा उपभोक्ता समितिको अंश खुलाउनुपर्नेमा खुलाएको छैन । नगरपालिकाको आ.व. २०७५।०७६ को कार्यक्रममा सो शित भण्डारको लागी रकम विनियोजन नभएको अवस्थामा नगरपालिकाले रु ४०,००,०००।- कृषि कार्यक्रमवाट रु. ५०,००,०००।- र नगरपालिका कोषवाट रु.५,००,०००।- गरी रु.९५,००,०००।- वजेट र उपभोक्ताको अंश समेत उल्लेख गरी रु. १,०१,७८,९८३।- को लागत अनुमान वनाएको छ । वजार व्यवस्थापन समिति संग भएको सम्झौतामा पेश्की दिने व्यवस्था नभएकोमा नगरपालिकाले रु.४२,५०,०००।- पेश्की उपलब्ध गराएको छ । शित भण्डारको विस्तृत डिजाइन तथा सर्भेक्षण वेगर कार्य गराएको, शित भण्डारले चर्चेको क्षेत्रफल वरावरको जग्गा नगरपालिकाको स्वामित्वमा नरहेको अवस्थामा लगानी गरेको छ । सार्वजनिक खरिद नियमावली वमोजिम वोलपत्रको माध्यम अपनाई प्रतिस्पर्धाको माध्यमवाट निर्माण कार्य नगरेको, उपभोक्ता समितिले कुनै पनि अंश नव्यहोरेको र सवै रकम वरावरको सामान न्यू सिद्धार्थ रेफ्रिजेरेशन संग मिति २०७६।३।१२ मा विल नं. ७१,७२ वाट खरिद गरेका विभिन्न सामानको विल राखी निर्माण गरेको छ । सो कार्य वापत रु.११,७०,९८३।-मूल्य अभिवृद्धि कर भुक्तानी भएको छ । सो मू.अ.कर लागत अनुमान,कामको विल तथा कार्यसम्पन्नमा उल्लेख गरेको छैन । निर्माण कार्य बाकी रहेको अवस्थामा निर्माण सम्पन्न अर्थात कार्यसम्पन्न प्रतिवेदन तयार गरी भुक्तानी गरेको रु.१,०१,७८,५४७- रकम नियमित गर्नपर्दछ । आर्थिक वर्ष २०७६।७७ मा नगरसभा वाट सो कार्यको लागी वजेट नछुट्याएको अवस्थामा सो शित भण्डारको लगानी खेर जाने देखिन्छ ।  निर्माणाधिन शित भण्डार	१०१७८५४ ७.००

३५.		**सपिङ्ग कम्प्लेक्स :-** नगरपालिकाले वडा नं. ५ मा सपिङ्ग कम्प्लेक्स निर्माण गर्ने कार्यको लागी विनोद कन्सट्रक्सन संग रु.७७,६०,७१६।- (मू.अ.कर समेत) मा कार्य सम्पन्न गर्नेगरी मिति २०७५।१०।१७ मा सम्झौता गरेको छ। मिति २०७६।९।५ सम्म ठेक्का अवधि रहेको सो ठेक्कामा लेखापरीक्षण अवधि २०७६ पौष मसान्त सम्म DPC को कार्य भन्दा माथिको कार्य सम्पन्न भएको छैन । सो भवन निर्माण कार्यको प्रथम रनिङ्ग विलवाट रु.३०,५६,२४३।- भुक्तानी भएको र पेश्की बाँकी रु.८,४९,०००।- रहेको अवस्थामा ठेक्काको म्याद थप भएको छैन तथा निर्माण कार्य पनि सुचारु भएको छैन । नगरपालिकाले सो निर्माण कार्य संचालन गर्नको लागि मिति २०७६।०९।०८ मा निर्माण व्यवसायीलाई ताकेता पत्र लेखेको छ । निर्माण कार्य वाकी रहेको र पेश्की बाँकी रहेको अवस्थामा कार्य सुचारु गरी भवनको लगानी खेर जाने स्थितिवाट रोकी भवन निर्माण कार्य सम्पन्न गर्न नगरपालिकाले सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ वमोजिम कार्य प्रकृया अगाडी वढाउनुपर्ने देखिन्छ।	
		 निर्माणाधिन सपिङ्ग कम्प्लेक्स	
३६.		**बढी पेश्की दिएको :-** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५२ (क) मा सार्वजनिक निकायले खरिद सम्झौता पश्चात आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकवाट अग्रिम बैङ्क जमानत लिई खरिद सम्झौता रकमको २० प्रतिशतमा नवढ्ने गरी पेश्की दिन सकिने व्यवस्था छ । सो वमोजिम पेश्की दिदा पहिलो पटकमा स्वीकृत पेश्की रकमको आधामा नवढ्ने गरी र बाँकी रकम कार्य प्रगतिको आधारमा दिन सकिने व्यवस्था ऐनले गरेको छ । नगरपालिकाले खैराना पुल निर्माण कार्यको लागी रमन के.एस.जे.भी. संग रु.५,९१,५७,३०४।- (मू.अ.कर वाहेक) मा कार्य सम्पन्न गर्नेगरी मिति २०७६।३।३१ मा सम्झौता गरेको छ । नगरपालिकाले नियमानुसार सम्झौता रकमको २० प्रतिशतले हुने रकम रु.१,१८,३१,४६०।- मात्र पेश्की दिन सक्ने र सो पेश्कीमा समेत पहिलो पटक सो को आधा मात्र रु. ५९,१५,७३०।- मात्र पेश्की दिन सकिनेमा २३.२३% ले हुने रकम रु.१,३७,४४,०००।- पेश्की उपलब्ध गराएकोले सार्वजनिक खरिद ऐनले गरेको व्यवस्था भन्दा रु. ७८,२८,२७०।- वढी हुनेगरी पेश्की दिएको हुँदा नियमानुसार मात्र पेश्की दिनुपर्दछ । ऐनको दफा ५२ (क) को उपदफा ३ वमोजिम निर्माण कार्यको लागी प्राप्त पेश्की रकम	७८२८२७०.००

सम्झौता भएको कार्यको लागी छुट्टै खोलिएको वैङ्क खाता मार्फत मात्र भुक्तानी हुनेछ भने व्यवस्था रहेकोमा निर्माण व्यवसायीले सो वमोजिम छुट्टै वैङ्क खाता खोलेको खातामा जम्मा भएको छ भन्ने विषयमा विश्वस्त हुने आधार प्राप्त भएको छैन ।

३७. **बढी भुक्तानी :-** सार्वजनिक खरिद नियमावलीको नियम ९७ (४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको रकम भुक्तानी गर्दा मुल्य अभिवृद्धि कर कट्टा गरेर मात्र भुक्तानी दिनुपेर्न व्यवस्था रहेको छ । उपभोक्ता समितिले मुल्य अभिवृद्धिकर तिरी सामान खरीद गरेको अवस्थामा कति मुल्य वृद्धि भुक्तानी दिएको हो सो मात्र वीलका आधारमा मुल्य अभिवृद्धिकर दिनुपर्नेमा कर वीजकको मुल्य भन्दा निम्न योजना हरुमा मुल्य वृद्धि कर बढी भुक्तानी दिएको असुल गर्नुपर्दछ । ११७३७६.००

गो.भौ.नं./मिति	उ.स.को नाम	मू.अ.कर		वढी भुक्तानी
		भुक्तानी दिएको	बिल पेश गरेको	
३४–०७५/६/२५	कोहना तटबन्धन उ.स.	४१,८९९	३३,८४५	८०५४.००
४७–०७५/७/२५	बास्कोटा जाने बाटोमा ढल निर्माण	५७,२१९	५१,७५९	५४६०.००
७७-२०७५।८।२८	श्रीलंका टोल सिचाई उ.स	५२९६६.	४५६१२।	७३५४.००
३५६–०७६/२/५	वडा नं. २, विष्ट नर्सरी पछाडी तटबन्धन	३२,९८५	१५,३३८	१७६४७.००
३८३–०७६/२/१६	वडा नं. ३, ईट्टा भट्टादेखी खमौरा सडक पिच	१६०,८८८	९९,७६६	६११२२.००
३८४–०७६/२/१६	गोबिन्द बि.सी.को घरदेखी दक्षिण सडक पिच	३८,९२४	३४,५४०	४३८४.००
४८१–०७६/३/१३	वलविरे सार्कीको घरदेखी स्कुल सम्म	२४८९४६	२३५५९१	१३३५५.००
जम्मा				११७३७६.००

३८. **असूल गर्नुपर्ने :-** प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवसथित वनेको ऐन, २०७४ को दफा ४ मा विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था रहेको छ। अत्तरिया वसपार्क शौचालय निर्माण समिति संग मिति २०७४।९।१६ मा सम्झौता भई नगरपालिका द्धारा भुक्तानी भएको रु. १२२५०००। मा उपभोक्ता समितिको वीलमा कृष्ण प्लाई एण्ड हार्डवयर सेन्टर अत्तरिया वाट मेटल प्राइमार १ के(जी गोल्डन व्राउन कलर १ के.जी को मूल्य रु.२३४६।६८ मा मुल्य अभिवृद्धि कर सहित रु २६५१।७४ भुक्तानी भएको छ । उपभोक्ताको वीलमा उक्त सामान प्रयोग गरेको नदेखिएकोले सामान नै प्रयोग नगरि खर्च लेखेको देखिएका रकम असुल गर्नुपर्दछ । २६५१.७४

३८.१ सार्वजनिक खरीद नियमावली २०६४ को नियम १२१ मा आपुर्तिकर्ता सेवा प्रदायक परामर्शदाताको ढिलाइका कारणले खरीद सम्झौता वमोजिमको काम सो सम्झौता भएको म्यादमा काम हुन नसकेमा सम्झौता रकमको शुन्य दशमलव शुन्य पाच प्रतिशत पुर्व

<table>
<tr><td></td><td></td><td>निर्धारित क्षतिपुर्ति तिर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले माथि उल्लेखित कार्य गर्नका लागि उक्त सर्भिस सगं मिति २०७५।२।२८ मा सम्झौता गरि २०७५।३।२५ मा कार्य सम्पन्न गर्नुपर्नेमा निजले मिति २०७५। ६ । १ मा मात्र ३ स्थानको ६५ दिन ढिला रिपोर्ट पेश गरेको छ । उक्त नियमावली अनुसार पुर्व निर्धारित क्षतिपुर्ति तिर्नुपर्दछ ।</td><td>३२५००.००</td></tr>
<tr><td>३९ .</td><td></td><td>कार्यसम्पन्न पेश नभएको :- सार्वजनिक खरीद नियमावली २०६४ को नियम २०६४ को नियम १२५ (२) मा निर्माण कार्य सम्पन्न भएसकेपछि प्रवाधिक कर्मचारीवाट जाचवुझ गर्न लगाई कार्यसम्मन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले सडक तथा पुल निर्माण वडा न. २ र ४ मा खाल्टा खुल्टी पुर्ने कार्यका लागि जगदम्वा निर्माण सेवा अमरगढी डडेल्धुरा वीच मिति २०७५।५।२५ मा सम्झौता भई रु ४९५४५०। भुक्तानी भएकोमा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ ।</td><td>४९५४५०.००</td></tr>
<tr><td>४० .</td><td></td><td>अधुरो निर्माण कार्य :- सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसार वोलपत्रको माध्यमवाट खरीद गर्न सकिने व्यवस्था रहेको छ । नगरपालिकाले वडा न. २ मा रहेको खेल मैदान कम्पाउण्ड वाल निर्माणगर्नका लागि वोलपत्रका माध्यम वाट सुचना प्रकाशन गरि सवैभन्दा कम दररेट पेश गर्ने एम.डि ग्रुप महेन्द्रनगर सग रु ४६२९०४४।२१ का गर्ने गरि मिति २०७५ ।७ । १५ मा काम सम्पन्न गर्ने गरि २०७५।१।३१ मा सम्झौता गरेको छ । सम्झौता वमोजिम रु.३९९५७९५।२२ भुक्तानी भैसकेको अवस्थामा वोलपत्रदाताले तोकिएको समयमा कार्य सम्पन्न हुन नसक्ने भनि मिति २०७६।१।१५ म्याद थपको लागि माग गरेको छ । नगरपालिकाले लेखापरीक्षण अवधि २०७६।९।२९ सम्म म्याद थप गरेको अवस्थामा पालिकाले गर्न लागाएको कार्य तोकिएको समयमा हुन नसकेको कारण पत्ता लगाई कार्य सम्पन्न गर्ने तर्फ नगरपालिकाको ध्यान जानुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>४१ .</td><td>२९-२०७५।६।२४</td><td>एज विल्ट ड्रोङग पेश नगरि भुक्तानी :- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ अनुसार वोलपत्रको माध्यमवाट खरीद गर्न सकिने व्यवस्था रहेको छ । सम्झौताको जि.सि.सि. ५६.२ मा निर्माण व्यवसायीले कार्य सम्पन्न गरिसकेपछि एज विल्ट ड्रोङग पेश गरेपछि मात्र भुक्तानी दिनुपर्नेमा निम्नानुसारका ठेक्कामा एज विल्ट ड्रोङग पेश नगरि सो वापतको रकम भुक्तानी दिएकोले पेश गर्ने पर्ने अन्यथा असुल गर्नुपर्दछ ।
<table>
<tr><td>सि.न.</td><td>कामको विवरण</td><td>निर्माण व्यवसायी</td><td>सम्झौता रकम</td><td>एज विल्ट ड्रोङग पेश नगरि भुक्तानी भएको रकम</td></tr>
<tr><td>१</td><td>महेन्द्रराजमार्ग वाइनरी स्कुल वास्कोटा रोडको कालोपत्रे</td><td>श्रीपुर सावित्रि जे भी</td><td>८६९७४५७१०</td><td>५००००।</td></tr>
<tr><td>२</td><td>गेरेपानी तेघरी वाटो कालोपत्रे</td><td>श्रीपुर सतिसावित्रि जे भी</td><td>७७२३१७६।०४</td><td>२००००।</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>७००००।</td></tr>
</table></td><td>७००००.००</td></tr>
<tr><td>४१.१</td><td>९३–२०७५।९।४</td><td>बढी भुक्तानी :- गोरेपानी तेघरी सडक कालोपत्रे र वाइनरी स्कुल हुदै वासकोट सम्मको वाटो कालोपत्रे गर्दा श्रीपुर सावित्री जे.भी लाई रु ६७७६३४५। भुक्तानी गर्दा उक्त जे.भी को वील रु६७३४४१५। को मात्र वील पेश गरको ले वील भन्दा वढी भुक्तानी भएको रु ४१९३०। असुल गर्नुपर्दछ ।</td><td>४१९३०.००</td></tr>
</table>

४२.	८०-२०७५।८।२७	**दोहोरो भुक्तानी :-** सार्वजनिक खरीद नियमावली २०६४ नियम (९७) को उपनियम (६) उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्यांकन,वील भरपाई र खर्च गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको वैठकवाट अनुमोदन गराउनु पर्ने व्यवस्था रहेको छ। नगरपालिकाले वसन्तपुर ,वासकोटा र खैराना सडक ग्राभेल गर्ने कामको लागी वडा न. ४ को उपभोक्ता समितिलाई रु १४६९०७४। भुक्तानी दिएको छ । उपभोक्ता समितिवाट कार्य गराईसकेपछि नगरपालिकाले पुन: सोही सडकको लागी ग्राभेल गर्ने कार्य भनी न्यू विष्णु इन्टरप्राईजेजलाई १६०० ली. डिजेल उपलब्ध गराएको छ। उपभोक्ता समिति मार्फत कार्य गराएकोमा पुन: दोहोरो हुनेगरी रु.१,५९,१९४।- वरावरको डिजेल भुक्तानी गरेको असूल गर्नुपर्दछ।	१५९१९४.००
४३.	८०-२०७५।८।२७	**कर समायोजन :-** सार्वजनिक खरीद नियमावली २०६४ नियम १९ सार्वजनिक खरीद गर्दा मुल्यअभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेको फर्मसग खरीद गर्नुपर्ने व्यवस्था रहेको छ। नगरपालिकाले वडा न. ४ मा ह्यूमपाइप विछ्याउने कार्यका लागि काभेली कन्ट्रक्सन सगं मिति २०७५।८।१९ मा सम्झौता भई निजलाई मुल्यअभिवृद्धिकर सहित रु ३०७७१५। भुक्तानी दिदा निजले वीलमा केरमेट गरि ०२ वनाएकोले निजलाई दिएको मुल्यअभिवृद्धि कर रु ३५४००।९५ कर दाखिला गरेको कर समायोजन पत्र पेश गर्नुपर्दछ।	३५४००.९५
४४.	१०३ - २०७५।९।१०	**मोटर साइकल खरीद :-** प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवसथित वनेको ऐन, २०७४ को दफा ४ मा विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था रहेको छ। नगरपालिकाको लागि आवश्यक १५० सि.सि.को ८ थान र १२५ सि.सि.को ९ थान खरीद गर्नका लागि २ वटा फर्म दर्तामध्ये सवैभन्दा कम दररेट पेश गर्ने स्वेता ट्रेडिङ कर्न्सन धनगढी सगं २०७५।७।९ सम्ममा सामान उपलव्ध गराउने गरि मिति २०७५।६।२६ मा उक्त मोटर साइकल मुल्यअभिवृद्धिकर सहित रु. ३५६३७६०। सम्झौता भई कार्यादेश दिएकोमा निजलाई मुल्य अभिवृद्धि कर सहित रु.३५७७७३६। भुक्तानी दिएको छ। आपूर्तिकर्ताले विड डकुमेन्टमा मोटर साइकलको लागि चाहिने हेल्मेट, लेगार्ड, सिट कभर , ग्रिप, लागाएतका सामान मा छुट दिने भनि कवोल गरेकोमा निजलाई वीमा , लेगार्ड सिट कभर ,हेल्मेट , समेतको भुक्तानी दिएको रु १०१९९८। उक्त रकम असुल गर्नुपर्दछ।	१०१९९८.००
४५.		**प्रतिवेदन प्राप्त नभएको :-** सार्वजनिक खरीद नियमावली,२०६४ को नियम ७२ वमोजिम परामर्शदाता वाट प्रस्ताव माग गरी Master plan,detailed engineering designand cost estimate sports grounds - २ परामर्शदाता श्री नेपाल विकास कन्सल्टेन्सी संग रु. ३४६५००। मा सम्झौता गरी कार्य लगाइ निजलाई रु ३४६५००। भुक्तानी दिएकोमा प्रतिवेदन पेश गर्नुपर्दछ।	३४६५००.००
४६.		**क्षतिपूर्ति :-** सार्वजनिक खरीद नियमावली २०६४ को नियम १२१ मा आपुर्तिकर्ता सेवा प्रदायक परामर्शदाताको ढिलाइका कारणले खरीद सम्झौता वमोजिमको काम हुन नसकेमा सम्झौता रकमको शुन्य दशमलव शुन्य पाच प्रतिशत पुर्व निर्धारित क्षतिपुर्ति तिर्नु पर्ने व्यवस्था रहेको छ। कार्यालयले Rural Infrastucture Development consultants p.ltd सगं चाक्लेखोला तथा हर्रे खोलाको पुल सर्वे कार्यका लागि मिति २०७५।१।२१ मा कार्य सम्पपन्न गर्नेगरी मिति २०७५।८।२३ मा सम्झौता गरेको छ। रु १७०००००। मा सम्पन्न गर्नुपर्नेमा निजले मिति २०७५। १ । १७ मा २६ दिन ढिला गरि रिपोर्ट पेश	

		गरेकोले उक्त नियमावली अनुसार पुर्व निर्धारित क्षतिपुर्ति तिर्नुपर्दछ ।	२२१००.००
४७.	२६८-२०७५।१२।१८	**विमा कागजात :-** प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवसथित वनेको ऐन, २०७४ को दफा ४ मा विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले हिमालयन जनरल इन्सोरेन्स कम्पनी प्रा.लि लाई ३ वटा झोलुङ्गे पुलमा कार्यरत कामदारहरुको वीमा प्रिमियम वापत उक्त कम्पनीलाई रु १०२५०२। भुक्तानी दिएकोमा कुन उपभोक्ता समिति मार्फत कार्य गराएको छ । सो को विवरण प्राप्त सो विवरण पेश गर्नुपर्दछ ।	१०२५०२.००
४८.	३३६-२०७६ १।२३	**विवरण प्राप्त नभएको :-** प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवसथित वनेको ऐन, २०७४ को दफा ४ मा विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । सिचाई वोरिङ लगायत अन्य सामान खरीद वापत सिता शक्ति ट्रेड लिंक लाई रु ७२३०५१। भुक्तानी गरेकोमा कुन कार्यक्रमको लागि उक्त सामान खरीद गरिएको हो सो को विवरण पेश गर्नुपर्दछ ।	७२३०५१.००
४९.		**ह्यूम पाइपको विवरण :-** प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवसथित वनेको ऐन, २०७४ को दफा ४ मा विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । खरीद गरि वा नगरि वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारवाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई जिन्सी आम्दानी वाध्नु पर्ने व्यवस्था रहेको छ । नगरपालिकाले भागेश्वरी ह्मपाइप इष्डष्ट्रिज प्रा.लि. गौरीगंगा न.पा. मसुरियालाई विभिन्न साइजका ९५ थान ह्यूमपाइप खरीद गरि रु १९९१७३८। भुक्तानी दिएकोमा उक्त पाइपहरु कुन उपभोक्ता समितहरुले प्रयोग गरे सो को नापी किताब तथा जिन्सी मालसामान कहां दाखिला भएको हो सो को प्रमाण पेश गर्नुपर्दछ ।	१९९१७३८.००
५०.		**उपभोक्ता समितिवाट कार्य :-** सार्वजनिक खरीद नियमावली २०६४ नियम (९७) को उपनियम (३) (ख) उपभोक्ता समिति वा लाभग्राहीसगं कार्य गराउदा कार्यको डिजाइन ,अन्य आवश्यक प्राविधिक सहयोग ,गुणस्तर नियन्त्रण गर्ने जस्ता कार्यका आधारमा उपभोक्ता समिति सगं सम्झौता गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले कुटी रामजानकी टोल सालधारी जानेवाटो तथा बहेडा खोलामा पुल निर्माण गर्नका लागि सम्झौता गरि यस वर्ष रु ३२७१८३१। उपभोक्ता समितिलाई भुक्तानी दिएको देखिन्छ । मोटरेवल पुल जस्तो जटिल खालका काम हरु उपभोक्तावाट गराउदा soil test ,lab test जस्ता गुणस्तर कायम गर्ने कार्य गरेको पाइएन ।	
५१.		**सम्भाव्यता अध्ययन :-** सार्वजनिक खरीद नियमावली,२०६४ को नियम ७२ वमोजिम परामर्शदाता कार्य गराउन सकिने व्यवस्था रहेको छ । नगरपालिकाले औधोगिक क्षेत्रको स्थापनाका लागि सम्भाव्यता अध्ययन गरेको भनि ग्लोवल डो रिसर्च सेन्टर प्रा.लि लाई मुल्यअभिवृद्धि कर सहित रु ४९९२००। भुक्तानी दिएकोमा कुन क्षेत्रमा औधोगिक क्षेत्रको सम्भाव्यता अध्ययन गरिएको हो सो को विवरण पेश नभएको साथै निज को अन्तिम प्रतिवेदन समेत पेश गर्नुपर्दछ ।	४९९२००.००

<table>
<tr><td>५२.</td><td></td><td>बढी भुक्तानी :- सार्वजनिक खरीद नियमावली २०६४ नियम (९७) को (६) मा प्राविधिक मुल्याकंन ,वील भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजातका आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले आर्दश टोल लम्साल गल्ली ढल निकास उपभोक्ता समिति सग सम्फौता गरि निजलाई रु ४०,००,०००।- भुक्तानी दिएकोमा निज उपभोक्ता समितिको लागि चाहिने सामानको लागत अनुमान तयार गरिसकेपछि पुन उपभोक्ता समितिको वीलमा Item no ४ मा Reinforcement कार्यको परिणाम १००३७।७० के.जी. मा पुन: ५ प्रतिशत थप ५०१।८९ के.जी. गरि प्रति परिणाम १०१.३५ का दरले बढी भुक्तानी भएको रु ५०८६६।५५ असुल गुर्नपर्दछ ।</td><td>५०८६६.५५</td></tr>
<tr><td>५३.</td><td>२३४ - ०७५।१२।४</td><td>अनुगमन प्रतिवेदन :- सार्वजनिक खरीद नियमावली २०६४ नियम (९७) उपभोक्ता समिति वाट कार्य गराउन सकिने व्यवस्थाा रहेको छ । नगरपालिकाले वडा नं ११ को९.२४ वर्ग किलोमिटर क्षेत्रफलमा सडक ग्राभेल गर्ने कार्य एउटै उपभोक्ता समितिवाट कार्य गराई रु १७०००००। भुक्तानी दिएको छ । सडक ग्राभेल गरेको क्षेत्रमा लागत अनुमान वमोजिम कार्य भए नभएको अनुगमन प्रतिवेदन संलग्न गरेको छैन ।</td><td></td></tr>
<tr><td>५४.</td><td></td><td>बढी भुक्तानी :- सार्वजनिक खरीद नियमावली २०६४ नियम (९७) उपभेक्ता समिति वाट कार्य गराउन सकिने व्यवस्था रहेको छ । विभिन्न योजनाको रकम भुक्तानी गर्दा प्राविधिकहरुले नाँपजाँच गरी उपभोक्ताको कामको बिलका आधारमा भुक्तानी दिनुपर्नेमा विलको रकम भन्दा वढी हुने गरी कार्यसम्पन्न प्रतिवेदन आधारमा भुक्तानी दिएकोले बढी भुक्तानी दिएकोले असूल गर्नुपर्दछ ।
<table>
<tr><th>गो.भौ.नं./ मिति</th><th>उ.स.को नाम</th><th>दिनुपर्ने रु.</th><th>दिएको रु.</th><th>बढी भु.रु.</th></tr>
<tr><td>३०२–०७६/१/२</td><td>शिव मन्दिर मर्मत, वार्ड नं. १०</td><td>९५,८५६</td><td>१००,०००</td><td>४,१४४</td></tr>
<tr><td>३९४–०७६/२/१९</td><td>कमल भट्टको जग्गामा पम्प सेट जडान</td><td>९८,४०५</td><td>१००,०००</td><td>१,४९५</td></tr>
<tr><td>३९५–०७६/२/१९</td><td>वार्ड नं. ७ मा पक्कि कूलो निर्माण</td><td>७९,२९३</td><td>८०,०००</td><td>७०७</td></tr>
<tr><td>४५७–०७६/३/५</td><td>बन्दगडा दोभान खोलामा पनालो निर्माण</td><td>२९३,९६१</td><td>३००,०००</td><td>६,०९३</td></tr>
<tr><td>५००–०७६/३/१६</td><td>चेतनशिल आमा समूह, खोपकेन्द्र निर्माण</td><td>१९३,८३५</td><td>२००,०००</td><td>६,१६५</td></tr>
<tr><td>५७७–०७६/३/२३</td><td>जोनापुरमा ट्रान्सफर्मर खरीद</td><td>४७७,३१७</td><td>५००,०००</td><td>२२,६१३</td></tr>
<tr><td>६१९–०७६/३/२५</td><td>वार्ड नं. ८ मा सडक कालोपत्रे</td><td>१,३०४,४२३</td><td>१,३९३,४२६</td><td>८९,००३</td></tr>
</table></td><td>१६७६४६.००</td></tr>
</table>

६५७–०७६/३/२६	वार्ड नं. १० मा पम्प सेट तथा नहर खोदाई	३३८,६६६	३७३,६८८	३५,०२२	
४५०–०७६/३/५	वार्ड नं. ५ मा ५ वटा सिंचाई मोटर जडान	३०२,५९६	३०५,०००	२,४०४	
			जम्मा	१६७६४६	

५५.		**बढी भुक्तानी :-** प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवसथित वनेको ऐन, २०७४ को दफा ४ मा विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । वील भरपाइका आधारमा भुक्तानी दिनुपर्नेमा एन.एस.ईन्फोसीस, धनगढी २, कैलालीलाई रु.३६०,११५।७७ को तिन थान बिल मात्र पेश गरी रु.३७०,०८५।३० भुक्तानी गरिएकोले बढी भुक्तानी भएको रकम असूल गर्नुपर्दछ ।	९९६९.५३
		शहरी विकास पूजिगत तर्फ	
५६.	३३-०७६।३।२९	**बिल भर्पाई विना भुक्तानी :-** श्री मस्टा कन्सट्रकसन प्रा.लि. धनगढी कैलालीलाई गोदावरी नगरपालिका वडा नं. ९ शेरी टोलमा विजुली वत्तिको पोल र ट्रान्समिसन कार्यको लागी विल भर्पाई नराखी प्राविधिक विलको आधारमा रु.४,३४,५१६।- भुक्तानी गरेको छ । भौ.नं.३६-२०७६।३।३० मा श्री जगदम्वा कौशल्य कन्सट्रकसन धनगढी कैलाली लाई गोदावरी नगरपालिका वडा नं. ९ मुर्कुटी टोलमा विजुली वत्तिको पोल र ट्रान्समिसन कार्यको लागी विल भर्पाई नराखी प्राविधिक विलको आधारमा रु.२,६१,३१३।- भुक्तानी गरेकामा विल भर्पाई राखि नियमित गर्नुपर्दछ ।	६९५८२९.००
५७.	३५-२०७६।३।३०	**मूल्य अभिवृद्धि कर दाखिला प्रमाण पेश :-** संघीय सरकार/नेपाल सरकारको आर्थिक विद्येयक,२०७६ बमोजिम मिति २०७६ जेठ १५ गते पश्चात निर्माण व्यवसायी/सप्लायर्सलाई भुक्तानी हुने मूल्य अभिवृद्धि करको ५० प्रतिशत मू.अ.कर भुक्तानी भएको समयमा नेपाल सरकारको मूल्यअभिवृद्धि कर कोष खातामा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ ।नगरपालिकाले ग्लोवल डोर रिसर्च सेन्टर प्रा.लि. अनामनगर काठमाडौं लाई नगरपालिकाको वस्तुगत विवरण तयार गरे वापत रु.१९,०९,२४२।-भुक्तानी गरेकोमा मूल्य अभिवृद्धि कर रकम रु २,२२,६२५।-को ५०% कट्टा गरी दाखिला गर्नुपर्नेमा कट्टा नगरी भुक्तानी गरेको छ । नगरपालिकाले रु.१,११,३१२।५० को मूल्य अभिवृद्धि कर दाखिला भएको प्रमाण पेश गर्नुपर्दछ ।	१११३१२.५०
		शहरी विकास (चालु तर्फ)	
५८.		**परामर्श सेवा :-** सार्वजनिक खरीद नियमावली,२०६४ को नियम ७२ वमोजिम परामर्शदाता कार्य गराउन सकिने व्यवस्था रहेको छ । नगरपालिकाको संगठन संरचना सम्वन्धी कार्य वापत ग्लोवल डोर रिसर्च सेन्टर अनामनगरलाई कर कट्टागरि २९५०३१। भुक्तानी दिएकोमा संगठन संरचना सम्वन्धी विशुद्ध कार्यालय सगं सम्वन्धित कार्य परामर्शदाता मार्फत गराउनु कानुन सम्मत नदेखिएकोले उक्त रकम नियमित गर्नुपर्दछ ।	२९५०३१.००

५९.	३५-२०७६।३।३०	**भर्पाई पेश नभएको** :- आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) मा विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । कुरिलो नर्सरी उपभोक्ता समिति लाई सर्पगन्धाको वीउ (मेचीकाली जडिवुटि) खरीद गरि रु १७१०००। भुक्तानी दिएकोमा सो वीउ कस-कसलाई वितरण गरियो सो को बुझेको भरपाई पेश गर्नुपर्दछ ।	१७१०००.००
६०.		**मू.अ.कर दर्ता नभएकोलाई मू.अ.कर भुक्तानी :-** सार्वजनिक खरीद नियमावली,२०६४ को नियम ७२ वमोजिम परामर्शदातावाट कार्य गराउन सकिने व्यवस्था रहेको छ । सोही नियमावलीको नियम ४० (ग) मा मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र र स्थायी लेखा नम्वर (प्यान) भएका फर्म वाट कार्य गराउन सकिने व्यवस्था रहेको छ । जोखिम नक्सांकन कार्यक्रम तयार गर्न खप्तड एकीकृत सामुदायिक स्वास्थ्य तथा पर्यावरण संरक्षण केन्द्र नेपाल सगं सम्झौता भई निजलाई मुल्यवृद्धि कर सहित रु ३४९७३५।- भुक्तानी गरेको छ । निजको पान सर्च गर्दा निज संस्था पानमा दर्ता नभएकोलाई रु ४०२३५।- भुक्तानी दिएको देखिएकोले निजलाई दिएको मुल्यअभिवृद्धि कर दाखिला गरेको प्रमाण पेश गर्नुपर्दछ ।	४०२३५.००
६१.	१२४३-२०७६।३।१७	**अनुगमन प्रतिवेदन :-** कार्यपालिकाको २०७५।१२।२९ मा वसेको वैठकले शिक्षा क्षेत्र अनुदान र अन्य क्षमता विकास कार्यक्रम संचालन गर्नका लागि सरस्वती माध्यमिक विद्यालयलाई रु.१०,००,०००। अनुदान दिएकोमा विद्यालयले सो रकम के कुन कार्यक्रममा खर्च गरियो सो को अनुगमन रिपोर्ट पेश गर्नुपर्दछ ।	१००००००.००
		बशिनं.(३१२२०५३) गरिव संग विशेश्वर :	
६२.	१४११।०७६।०३।२७	**छनौटको आधार पेश नभएको :-** गरिव संग विशेश्वर कार्यक्रममा रु.२,००,०००।- को गरिव किसानहरुको लागी वंगुर वितरणको कार्यक्रम रहेकोमा नगरपालिकाले कार्यपालिकाको निर्णय वेगर छनौटको आधार नखुलाई मूक्ति शिविरमा १० जना गरिवहरुलाई वितरण गरेकोमा छनौटको आधार र निर्णय पेश भएको छैन । छनौटको आधार पेश गर्नुपर्दछ ।	
		शिक्षा तर्फ व.शि.नं.(८०१३४५६)	
६३.		**निशुल्क पाठ्यपुस्तक :-** विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन निर्देशिकाको क्रियाकलाप नं. २.१५.११.७६१ मा प्रति विद्यार्थी लगायतका आधारमा कक्षा १-१० सम्म अध्ययनरत विद्यार्थीका लागी नि:शुल्क पाठ्यपुस्तक उपलब्ध गराउन सकिने, नि:शुल्क पाठ्यपुस्तकको पहिलो पटक निकासा दिदा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र निकासा दिन सकिने व्यवस्था छ । थप निकासाको लागी विद्यार्थी भर्ना भएको विवरण, पाठ्यपुस्तक खरीद र वितरण गरेको विवरणका आधारमा नपुग रकम मात्र थप निकासा दिन सकिने व्यवस्था छ । नगरपालिकाले यो वर्ष विभिन्न क्रियाकलापको लागी प्रथम पटक भौ. नं. १०६ मिति २०७५।१२।२९ मा नि:शुल्क पाठ्यपुस्तकको लागी रु. ६२,२७,४०६।- निकासा दिएको छ । प्रथम पटक निकासा दिदा विद्यालयहरुको flash report को आधारमा विद्यार्थीको संख्या यकिन गरी सो विद्यार्थी संख्याको ७५ प्रतिशतले हुनेगरी निकासा दिएको देखिएन । साथै आर्थिक वर्षको अन्तमा रु.४,४१,८५४।- थप निकासा दिएकोमा समेत	

		निर्देशिकाले भने वमोजिम विद्यार्थी भर्नाको आधार तथा पुस्तक खरीदको विवरण समेत नलिई निकासा दिएको छ । नि:शुल्क पाठ्यपुस्तकको लागी रु.६५,००,०००।- वजेट रहेकोमा रु.६६,६९,२६०।- खर्च हुन गएकोले वजेट भन्दा रु.१,६९,२६०।- बढी खर्च हुन गएको छ । कार्यक्रम कार्यान्वयन निर्देशिका वमोजिम खर्च नभएको तथा वजेट भन्दा बढी खर्च हुन गएको रकम सम्बन्धित निकायवाट नियमित गर्नुपर्दछ ।	६६६९२६०.००
६४.		**भौतिक सुधार विस्तार कार्यक्रम :-** विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन निर्देशिकामा स्थानीय तहमा रहेका सम्पूर्ण विद्यालयहरुलाई स्थानीय तहले आवश्यकता पहिचान गरी प्राथमिकताको आधारमा भौतिक सुविधाको कार्यक्रम उपलब्ध गराउन सक्ने व्यवस्था गरेको छ । नगरपालिकाले यो वर्ष देहायका विद्यालयहरुलाई रु.१,६०,८९,९५६।- वरावरको भौतिक सुविधाको कार्यक्रम उपलब्ध गराउदा विद्यालय छनौटको आधार तयार गरेको देखिएन । निर्देशिकाले गरेको व्यवस्था वमोजिम विद्यालयको आवश्यकता र भौतिक पूर्वाधार तथा विद्यार्थी संख्या , विद्यालयको मागको आधारमा प्राथमिकता तयार गरी कार्यक्रम उपलब्ध गराउनु पर्दछ । विद्यालय / कार्यक्रम / रकम रु.: श्री दुर्गालक्ष्मी मा.वि. अत्तरिया / नमुना विद्यालय सुधार गुरुयोजना / १५००००००.०० श्री घण्टेश्वर मा.वि. अत्तरिया / शौचालय निर्माण / ४८५७८४.०० श्री कृष्ण आधारभुत विद्यालय / शौचालय निर्माण / ६०४१७२.०० जम्मा / / १६०८९९५६.०० स्वीकृत कार्यक्रममा रु.७,००,०००।- को दरले शौचालय निर्माणको लागी अनुदान निकासा दिनुपर्नेमा समयमा सम्झौता गरी रकम निकासाको किस्ताको आधार तथा कामको आधारमा निकासा गरी आर्थिक वर्ष भित्र कार्यसम्पन्न गर्नेगरी रकम निकासा दिएको छैन । साथै आर्थिक वर्षको अन्तसम्म कार्यसम्पन्न नभएकोले उपर्युक्त विद्यालयहरुको कार्यसम्पन्न पेश गर्नुपर्दछ ।	१६०८९९५६.००
६५.	२०५-२०७६।३।२९	**दिवा खाजा :-** नगरपालिकाले विभिन्न १९ विद्यालयको लागी आर्थिक वर्षको अन्तमा रु.१७,२५,३००।- दिवा खाजा स्वरुप निकासा दिएको छ । दिवा खाजा निर्देशिका वमोजिम विद्यार्थी संख्याको एकिन गरी निर्देशिका वमोजिम नै आर्थिक वर्षको अन्तसम्म तोकिए वमोजिम दिवा खाजा खुवाउने गरी निकासा दिनु पर्दछ । मिति २०७६।३।२९ गते विद्यालयमा निकासा गरेको रकमवाट समयमा विद्यार्थीले दिवा खाजा प्राप्त गर्न सक्ने स्थिति छैन । कार्यक्रम वमोजिम समयमै निकासा नदिई केवल वजेट खर्च गर्ने हिसावले खर्च लेखेको रकमको दिवा खाजा खुवाएको सुनिश्चित गरी नियमित गर्नुपर्दछ ।	१७२५३००.००
६६	१९५-२०७६।३।२	**आवासिय छात्रवृति :-** कार्यक्रम कार्यान्वयन निर्देशिकामा आवासमा वस्ने अपाङ्गता भएका विपन्न वालवालिकाको लागि तोकिएको कोटा संख्याको आधारमा प्रति महिना रु.४,०००।-	

८ को दरले १० महिनाको लागि रु.४०,०००।- का दरले विद्यालयलाई निकासा दिनुपर्ने व्यवस्था गरेको छ । नगरपालिकाले सू.प.समावेशी आधारभुत विद्यालयको लागि आर्थिक वर्षको अन्तमा रु.१६,२०,०००।- आवासमा वस्ने अपाङ्गता भएका विपन्न वालवालिकाको लागि निकासा गरेको छ । तोकिएको रकम निकासा गर्दा विद्यार्थी संख्या एकिन तथा अपाङ्गता परिचयपत्रको विवरण संलग्न राखेको छैन । सो छात्रवृति प्राप्त गर्ने विद्यार्थी एकिन नगरेको तथा निर्देशिकाले गरेको व्यवस्था वमोजिम विद्यार्थीको व्यक्तिगत सरसफाईको लागि प्रति विद्यार्थी रु.५,०००।- सम्बन्धित विद्यार्थीलाई बुझाएको भर्पाई पेश गर्नुपर्नेमा सो भर्पाई पनि प्राप्त नभएको कारण निकासा रकम निर्देशिका वमोजिम खर्च भएको छ भन्ने अनुगमन प्रतिवेदन पेश गर्नुपर्दछ । १६२००००.००

६७. **कार्यसम्पन्न पेश नभएको :-** कार्यक्रम निर्देशिका वमोजिम भौतिक सुविधा विस्तार तर्फको कार्यक्रममा निर्देशिका वमोजिम छनौट गर्ने समयमा नै कार्यसम्पन्न गर्नेगरी सम्झौता गर्ने र कार्यसम्पन्नको आधारमा भुक्तानी गर्नुपर्दछ । नगरपालिकाले यो वर्ष देहायका विद्यालयलाई समयमा नै कार्यसम्पन्न गर्नेगरी सम्झौता गरी कार्यक्रममा तोकिएको रकम समेत निकासा गरेको छैन । देहायका विद्यालयहरुको रु.३५,४९,१७५।- वरावरको कार्यसम्पन्न पेश गर्नुपर्दछ । ३५४९१७५.००

भौ.नं. / मिति	विद्यालय	कार्यक्रम	रकम रु..
७-०७६।३।११	श्री राष्ट्रिय मा.वि.	४ कोठे भवन क्रमागत	११४३२३७.००
१६-०७६।३।२८	श्री ग्वालादेउ आ.वि.	२ कोठे भवन निर्माण	११२६९९९.००
१८-०७६।३।२९	श्री ग्वासी मा.वि.	२ कोठे भवन निर्माण	८१२३९५.००
२०-०७६।३।२९	श्री सरस्वती मा.वि.	शौचालय निर्माण	४६६५४४.००
जम्मा			३५४९१७५.००

६८. **पेश्की बांकी :-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई लिएको पेश्की फछ्र्यौट गर्नु गराउनु पेस्की लिने दिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । कार्यालयले २०७६ आषाढ मसान्तमा देहाय उपशिर्षकमा पेश्की बांकी देखाएकोले नियमानुसार समयमानै पेश्की फछ्र्यौट गर्नुपर्दछ । १७२१६५००.००

बजेट उपशिर्षक नं	पेश्की लिनेको नाम	रकम
बितिय समानीकरण -पूँजिगत)	निमार्ण ब्यबसायी श्री निरजाएम डि जे.भि	९०००००.००
	बिनोद कन्स्ट्क्सन	८४९०००.००
	श्री लक्ष्मी बिल्डर्स	५२८५००.००
	रमन ।के.एस जे.भी	१३७४४०००.००
	निरजाएम डि जे.भि	११५००००.००

			प्रशिक्षक श्री राम प्रसाद फूलरा	४५०००.००
			जम्मा	१७२१६५००.००

		आम्दानी तर्फ :	
६९.		**रसिद नियन्त्रण खाता :-** स्थानीयतहले आफ्नो कार्यक्षेत्र भित्र परेका विषयहरुमा राजश्व संकलन कार्यमा प्रयोग हुने नगदी रसिदको विवरण रसिद नियन्त्रण खाता तयार गरी राख्नुपर्दछ । प्रत्येक वडा कार्यालयहरुमा पठाएको नगदी रसिदको विवरण आ.व.को अन्तमा परीक्षण गरी नगदी रसिदको हिसाव सवै दाखिला भए नभएको, वाँकी रसिदको विवरण एकिन गरी परीक्षण गर्नुपर्ने देखिन्छ । वडाहरुमा प्राप्त भएको विभिन्न कर तथा शुल्क रकम नियममा भएको व्यवस्था वमोजिम राजश्व प्राप्त भएको सोही दिन वा भोलीपल्ट सम्वन्धित बैंङ्कमा जम्मा गरे नगरेको तथा नगरपालिकामा जम्मा गर्न ल्याएको हकमा के कति समयको अन्तरालमा ल्याएको छ सो को अनुगमन गरी प्राप्त राजश्व ढिला नगरी वुझाउने व्यवस्था गर्नुपर्दछ ।	
७०.		**प्रदेश संचित कोषमा दाखिला नगरेको :-** प्रदेश सरकारको आर्थिक ऐन, २०७५ को दफा ५ र ६ मा विज्ञापन कर तथा दहत्तर वहत्तर शुल्क तथा कर स्थानीय तहले संकलन/असूलउपर गर्न सक्ने व्यवस्था गरेको छ । सो ऐनको उक्त दफा वमोजिम संकलित कर रकमको साठी प्रतिशत हुन आउने रकम सम्बन्धित नगरपालिकाको संचित कोषमा र चालिस प्रतिशतले हुन आउने रकम प्रदेश संचित कोषमा मासिक रुपमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ । नगरपालिकाले यो वर्ष विज्ञापन कर र दहत्तर वहत्तर तर्फ गरी रु.११,९८,२५,००५।- संकलन गरेकोमा सो को ४० प्रतिशतले हुने रकम रु.४,७९,३०,००२।- प्रदेश संचित कोषमा पठाउनुपर्नेमा नपठाएकोले उक्त ऐन वमोजिम उक्त रकम प्रदेश संचित कोषमा पठाउनुपर्दछ । संघिय सरकारको मिति २०७५।११।१९ गतेको "नेपाल कानुन संसोधन गर्न वनेको विधेयक "को दफा ६२(क)(३) को आधारमा प्रदेश संचित कोषमा नपठाई स्थानीय संचित कोषमा जम्मा गरेको भन्ने कार्यालयको भनाई रहेको छ ।	४७९३०००२.००
७१.		**मूल्य अभिवृद्धिकर जम्मा गरेको प्रमाण नभएको :-** नगरपालिकाले यो वर्ष नदीजन्य पदार्थ (ग्राभेल,माटो,ढुङ्गा) संकलन गर्ने कार्यको लागी २ पाटी संग रु.११,९०,००,०००।- मा आन्तरिक आयको लागि ठेक्का व्यवस्थापन भएको छ । त्यसैगरी पार्किङ्ग,विज्ञापन कर,जिवजन्तु तथा जिवजन्तु जन्य पदार्थ निकासी कर र कवाडी करको रु.१,१२,७७,५९३।- गरी जम्मा रु.१३,०२,७७,५९३।- को ठेक्का व्यवस्थापन भएको छ । सो ठेक्का व्यवस्थापन गर्दा ठेक्का अंकको १३ प्रतिशत मूल्य अभिवृद्धि कर जोडी हुन आउने रकम सम्बन्धित पाटीले नगरपालिकालाई वुझाउने गरी ठेक्का व्यवस्थापन गर्नुपर्नेमा नगरपालिकाले स्वयं ठेकेदारले मूल्य अभिवृद्धि कर वुझाउने गरी ठेक्का सम्झौता गरेको छ । ठेक्का अंक वुझाउने किस्ता कायम भएको समयमा नै नियमानुसार लाग्ने मूल्य अभिवृद्धि कर समेत आन्तरिक राजश्व कार्यालयमा जम्मा गर्नुपर्नेमा नियमानुसार लाग्ने मूल्य अभिवृद्धि कर (	

<table>
<tr>
<td></td>
<td></td>
<td>VAT) सम्बन्धित ठेकेदारले कहिले वुझाएका छन सो को विवरण नगरपालिकाले लिई राखेको छैन । नगरपालिकाले देहाय वमोजिम लागेको ठेक्कामा मूल्य अभिवृद्धि कर ऐन २०५२ वमोजिम अंकमा १३ प्रतिशतका दरले मूल्य अभिवृद्धि कर असूल नगरेको र दाखिला भएको प्रमाण समेत प्राप्त नभएकोले सो ठेक्का अंकमा हुन आउन मूल्य अभिवृद्धि कर रु.१,६९,३६,०८७- आन्तरिक राजश्व कार्यालयमा दाखिला भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल गरी दाखिला गर्नुपर्दछ ।
<table>
<tr><th>पाटी</th><th>ठेक्काको विवरण</th><th>ठेक्का अंक (VAT) वाहेक</th><th>मूल्य अभिवृद्धि कर</th></tr>
<tr><td>दाहाल मल्टी ट्रेड प्रा.लि.</td><td>दहत्तर वहत्तर (खुटिया नदी)</td><td>८७९०००००.००</td><td>११४२७०००.००</td></tr>
<tr><td>दाहाल मल्टी ट्रेड प्रा.लि.</td><td>दहत्तर वहत्तर (खैरेना नदी)</td><td>१९१०००००.००</td><td>२४८३०००.००</td></tr>
<tr><td>स्वार कन्सट्रकसन प्रा.लि.</td><td>दहत्तर वहत्तर(गोदावरी नदी)</td><td>१२०००००००.००</td><td>१५६००००.००</td></tr>
<tr><td>न्यू एस.के. निर्माण सेवा</td><td>पार्किङ्ग शुल्क</td><td>८८८८८८८.००</td><td>११५५५५५.००</td></tr>
<tr><td>कृतिक मेडिया प्रा.लि.</td><td>विज्ञापन कर</td><td>८२५००५.००</td><td>१०७२५१.००</td></tr>
<tr><td>समता ट्रेड एण्ड सप्लायर्स</td><td>जिवजन्तु तथा जिवजन्तु जन्य पदार्थ</td><td>५११०००.००</td><td>६६४३०.००</td></tr>
<tr><td>स्वार कन्सट्रकसन प्रा.लि.</td><td>कवारी कर</td><td>१०५२७००.००</td><td>१३६८५१.००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>१६९३६०८७.००</td></tr>
</table>
</td>
<td>१६९३६०८७.००</td>
</tr>
<tr>
<td>७१.१</td>
<td></td>
<td>ठेक्का सम्झौतामा नगरपालिकाले रकम वुझाउने ३ किस्ता कायम गरी सम्झौता गरेको छ । नदीजन्य पदार्थको ठेक्का लिने ठेकेदारले दोश्रो र तेश्रो किस्ता समयमा वुझाएका छैनन र उक्त किस्तामा वुझाउनुपर्ने रकम नगरपालिकाले सम्वन्धित पाटीको बैङ्क ग्यारेन्टी जफत गरी आय प्राप्त गरेको छ । समयमा रकम नवुझाएमा लाग्ने जरिवानाको सम्वन्धमा नगरपालिकाले सम्झौतामा कुनै व्यहोरा उल्लेख गरेको छैन ।</td>
<td></td>
</tr>
<tr>
<td>७१.२</td>
<td></td>
<td>आन्तरिक आयको ठेक्का व्यवस्थापन गर्ने सूचनाको वदा नं. २७ मा ठेकेदारले ३/३ महिनामा संकलन तथा उत्खननको परिमाणको लिखित जानकारी कार्यालयमा अनिवार्य रुपमा पेश गर्नुपर्ने व्यवस्था रहेकोमा सो वमोजिम विवरण कार्यालयमा प्राप्त भएको छैन । नदीजन्य पदार्थ संकलन कार्यको ठेक्का पाएका पाटीले IEE गरी स्वीकृत गरेको क्षेत्र भित्र मात्र संकलन कार्य गरेको छ भन्ने विषयमा एकिन हुनेगरी नगरपालिकाले अनुगमन गर्ने गरेको देखिएन ।</td>
<td></td>
</tr>
<tr>
<td>७२</td>
<td></td>
<td>बहाल आम्दानी :- नगरपालिकाको अभिलेख वमोजिम नगरपालिका संग डोजर तथा ट्रिपर</td>
<td></td>
</tr>
</table>

		लगायतका हेभी मेसिन रहेका छन । नगरपालिकाको निर्णयले तोकिएको दरमा आन्तरिक तथा वाह्य कार्यमा उक्त मेशिनहरु उपयोगमा गईरहेको देखिन्छ । नगरपालिकाको आन्तरिक आयतर्फ हेभि मेशिनको प्रयोगवाट के कति रकम प्राप्त भयो सो को अभिलेख नगरपालिका संग रहेको छैन । निःशुल्क, आन्तरिक प्रयोजन र वाह्य प्रयोजनमा प्रयोग भएको उक्त मेशिनको प्रयोग मिटरमा उल्लेख गरी कार्यालय परिसर वाहिर गएको समय , आएको समय , प्रयोग भएको कि.मि. सवै खुल्ने गरी रजिस्टर्ड कार्यालयमा रहनुपर्ने र गाडीमा रहने लगवुक संग कस भिडान हुनेगरी अभिलेखाङ्कन गर्नुपर्ने देखिन्छ । मेशिनको प्रयोगवाट प्राप्त भाडा रकमको स्पष्ट विवरण देखिने गरी अभिलेख राख्नुपर्दछ ।	
		आन्तरिक लेखापरीक्षण सम्वन्धमा :- स्थानयि सरकार सञ्चालन ऐन २०७४ को दफा ७७ मा आन्तरिक लेखापरीक्षण वाट औंल्याइएका कैफियत अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनु पर्नेछ भन्ने व्यवस्था भएतापनि सो नगरेकोले आन्तरिक लेखापरीक्षण वाट कायम भएका व्यहोरा हरु निम्नानुसार रहेका छन ।	
१.		स.म.वि.नी. सन्ध्या पडालको नामको पेश्की रु.५०,०००।०० फछ्र्यौट गर्दा नर्म्स विपरीत १ दिने कार्यक्रममा टिप्पणिकर्ता र कक्षा भनी १० सेसनको भुक्तानी गरेको । सहकारीलाई लेखा सम्बन्धी तालिम भनेको तर लेखासंग सम्बन्धित कोही प्रशिक्षक नरहेको र एकै व्यक्ति प्रशिक्षक, टिप्पणिकर्ता, तथा संयोजक भएकोले नियमानुसार कार्यक्रममा भएको खर्चलाई नियमित गर्नुपर्दछ ।	५००००.००
२.		वडा नं. २ का महिला स्वास्थ्य स्वास्थ्य स्वयं सेविकाहरुलाई साईकल वितरणका लागि खरीद गरेको भनिएको सात वटा साईकल वितरण गरेको भर्पाई संलग्न गरी नियमित गर्नुपर्दछ ।	५४९९९.००
३.		अनिता बुढाऐरको पेश्की रकम रु.३००,०००।०० फछ्र्यौट गरी बाँकी रु.१२,००६।०० कर जनाई जम्मा रु.३१२,००६।०० खर्च जनाउदा पेश गरेको बिल भर्पाई अनुसार पारीश्रमिक कर रु.१२,८२५।०० देखिन्छ तर गोश्वारा भौचरमा रु.१०,५७५।०० जनाइएकोले कर कट्टि गरेको रकम कम लेखांकन भएको हुदा बाकी रकम बराबर कर दाखिला गरी प्रमाण पेश गर्नुपर्दछ ।	२२५०.००
४.		प्रमोद अधिकारीसंग ६ दिनका लागि गाडी लिने सम्झौता भई सम्झौता अनुसारको गाडी भाडा रु.२१,९००।०० तथा गाडी मर्मत भनी रु.७,२२५।०० समेत गरी जम्मा रु.२९,१२५।०० भुक्तानी गरिएकोले गाडी मर्मत वापतको रकम भुक्तानी गर्नु नियमसंगत नरहेकोले असूल हुनुपर्ने रु.	७२२५.००
५.		वडा नं. १ मा मोटर जडान गरे वापत मनकामना कृषक समूहलाई रु.५०,०००।०० भुक्तानी दिंदा प्राविधिक मूल्यांकन तथा कार्यसम्पन्न प्रतिवेदन संलग्न नरहेको । सम्झौताका बखत लागत अनुमानमा ३" मोटर (ISI) भनेर रु.४०,०००।०० उल्लेख भएको तर कृषक समूहले 3HP Motor 4" भनेर रु.२७,५००।०० रुपैयामा खरीद गरी बिल पेश गरेकोले मोटर खरीद वापतको बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने र प्राविधिक प्रतिवेदनहरु राखि	६२५००.००

		नियमित गर्नुपर्दछ ।	
६.	१३९७-२०७६।३।२६	हिमालयन लाइभस्टक एण्ड यग्रिकल्चरलाई रु.१८०,०००।०० भुक्तानी दिंदा Goat water tank बनाएको फोटो पनी नरहेको र कार्यसम्पन्न प्रतिवेदन पनि नरहेको । पावरटिलर किनेको भनी बिल पेश गरेकोमा सो बिलमा क्रेताको नाममा उक्त संस्थाको नाम उल्लेख नभएको देखिएको । तसर्थ फोटो, कार्यसम्पन्न प्रतिवेदन, तथा काम सम्पन्न गरेको यथेष्ट प्रमाणहरु पेश गरी नियमित गर्नुपर्दछ ।	१८००००.००
७.		गाईको गोबर संकलन तथा भण्डारण वापत रु.८४०,०००।०० शसर्त तर्फको कार्यक्रम भनी सम्झौता गरेको तर शसर्ततर्फ कार्यक्रम नमिलेको भनी यस खाताबाट भुक्तानी दिदा स्वीकृत कार्यक्रम भन्दा बाहिरको कार्यक्रम गरिएको, सोबाट कती लाभान्वित हुनेभनी लेखाजोखा नगरीएको तथा सो कार्यक्रमले कार्यालय तथा नगरलाई के फाईदा हुने भन्ने पनि उल्लेख नभएकोले यस्ता कार्यक्रममा खर्च गर्नु नियमसंगत रहेको नदेखिएकोले नियमित गर्नुपर्दछ ।	८४००००.००
८.		स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुलाई समायोजन भएको पदको तलव दिएको भनी खर्च लेख्दा समायोजन भएको मितिदेखीकै तलव भत्ता भुक्तानी गरेको देखिन्छ । उक्त पदमा हाजिर भै कामकाज गरेका मितिदेखिमात्र उक्त पदको पदाधिकार रहने तथा मन्त्री परिषदको मिति २०७६/४/१६ को निर्णयानुसार पनि हाजिर भएको मितिदेखिमात्र समायोजन भएको पदको तलव दिनु भनी निर्देशन भएकोले नियमानुसारभन्दा बढी भुक्तानी भएको रकम हिसाव गरी सम्बन्धितबाट असूल उपर गर्नुपर्ने देखिन्छ ।	
९.		गोदावरी नगरपालिकाको वार्ड नं. ३, मालाखेती रहेको मालाखेती अस्पतालमा पहिले भरत खडका अध्यक्ष रहेको अस्पताल विकास समितिद्वारा संचालन भएकोमा हाल यस नगरपालिकाका नगर प्रमुखको अध्यक्षतामा मालाखेती विकास समिति गठन भै कार्य संचालन भैरहेको छ । यस वर्ष यस शिर्षकमा मालाखेती अस्पतालमा रहेको आ.व. ०७४/७५ को अन्त्यमा बाँकी रहेको रकम, यस आ.व.मा विभिन्न शिर्षकमा उठेको रकम र निक साईमन अनुदान भनी प्राप्त रकमहरुमध्येबाट खर्च गरिएको छ । उक्त खर्चका लागि कुनै निकायबाट पनि कार्यक्रमहरुको स्वीकृती या समर्थन भएको देखिदैन । तसर्थ कानून बमोजिम कार्यक्रम स्वीकृत गराई खर्च गर्नुपर्ने देखिन्छ ।	
१०.		मालाखेती व्यवस्थापन समितिका तत्कालिन अध्यक्ष भरत खडकालाई भ्रमण भत्ता भुक्तानी गर्दा देखिएको व्यहोरा निम्नानुसार छन् : क) भ्रमणादेश नि.मे.सु.ले दिएको । ख) भ्रमणको उद्देश्य स्पष्ट नभएको तथा भ्रमण सम्पन्न प्रतिवेदन नरहेको, ग) भ्रमण भत्ता रु.२५,४००।०० स्वीकृत भएको तर रु.२८,४००।०० भुक्तानी भएको । तसर्थ भ्रमण सम्पन्न प्रतिवेदन संलग्न गर्नुपर्ने र बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ ।	३०००.००
११.		विभिन्न सामाग्रिहरु खरीद गरिएको भनि रु.५०९,९०३।०० भुक्तानी गर्दा उक्त खरीद कार्यको	

		प्रयोजन नखुलेको । उक्त खरीद गरिएका सामाग्रिहरुको उपयोगिताको प्रमाण संलग्न गरी राख्नुपर्ने । खरीद प्रक्रियाको प्रमाण नरहेकोले सो पनि पेश गर्नुपर्ने । खरीद गरिएका सामानहरुको ब्राण्ड तथा स्पेशिफीकेशन नखुलेकोले सो खुलाई राखेमा उक्त सामाग्रिको मूल्यसंग विश्वस्त हुने आधार रहने देखिन्छ ।	
१२.		यसोदा फार्मेशि लगाएत ५ वटा फर्महरुलाई रु.२१८,३७१।०० भुक्तानी गर्दा यसोदा फार्मेशि वाहेक अन्य ४ वटा फर्मलाई रकम रु.१०२,८५४।०० बुझाएको भर्पाई रहेको तर खर्चलाई पुष्टि गर्ने बिल भर्पाई नरहेकोले आवश्यक प्रमाणहरु राखि नियमित गर्नुपर्दछ ।	१०६२१४.००
१३.		गत वर्षको छुट भनी ग्वासी मा.वि.लाई रु.२४,०००।०० भुक्तानी दिंदा दिनुपर्ने पर्याप्त आधारहरु नरहेकोले संलग्न गरी राख्नुपर्दछ ।	२४०००.००
१४.		विभिन्न व्यक्तिहरुलाई विपद (सडक दुर्घटना) वापत राहत वितरण गर्दा राहत पाउने व्यक्तिले रकम बुझेको भर्पाई नरहेकोले उक्त भर्पाई राखी नियमित गर्नुपर्दछ । क) गो.भौ.नं.१०–२०७५/०९/०२ बाट द्रौपदी शाहीलाई रु.२५,०००।०० ख) गो.भौ.नं.१२–२०७५/११/१० बाट मिना भट्टलाई रु.२५,०००।००	५००००.००
१५.		समानीकरण अनुदान, राजश्व बाँडफाड बाट प्राप्त अनुदान, विभिन्न संघ संस्थाबाट प्राप्त अनुदान तथा आन्तरीक राजश्वलाई खर्च गर्दा चालू खर्च खाता र पूजिगत खर्च खाता भनी दुई खाताबाट संयुक्त रुपमा गरेको र श्रेश्ताहरु पनि एकै ठाउँमा राखिएको हुँदा तिनको छुट्टाछुट्टै खर्च स्थिती थाहा हुन नसकेको अवस्था छ । विभिन्न अनुदानबाट गरिने खर्चहरुको छुट्टा छुट्टै अभिलेख राख्दा उक्त अनुदानको यथार्थ खर्च स्थिती जानकारी हुने देखिन्छ ।	
		सम्परीक्षण :- स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । नगरपालिकाले आर्थिक वर्ष २०७३।७४ को रु.१,२६,४८,४९४।- फछ्र्यौट गरी पेश गरेकोमा देहाय बमोजिमको रु.१,२६,४८,४९४।- सम्परीक्षण भएको छ ।	

सि.नं	दफा	बिबरण	रकम
१	६	नगर सभावाट नियमित भई आएकोले सम्परीक्षण भएको रु.	६१८५५.००
२	७	नगर सभावाट नियमित भई आएकोले सम्परीक्षण भएको रु.	४८८३१८.००
४	८	रकम असूली र दाखिला भएकोले सम्परीक्षण भएको रु.	१०३१२१.००
५	९	पेश्की फछ्र्यौट भई आएकोले सम्परीक्षण भएको रु.	११८८१०००.००
६	११	नगर सभावाट नियमित भई आएकोले सम्परीक्षण भएको रु.	११४२००.००
			१२६४८४९४.००

अनुसूची १

नगरपालिकाको सञ्चित कोष विवरण

२०७५।७६

(रु.हजारमा)

क्र.स	स्थानीय तह	जिल्ला	गत वर्षको जिम्मेवारी	आय				व्यय				मौज्दात बाँकी
				समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय	जम्मा आय	चालु खर्च	पूजीँगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५(२+३+४)	६	७	८	९(६+७+८)	१०(१+५-९)
१	गोदावरी नगरपालिका	कैलाली	१०५७८१	२०३८१३	६९५६८०	१६६९४८	१०६६४४१	७१४३७५	१०४९३४	१६६९४८	९८६२५७	१८५९६५

अनुसूची २

बेरुजू वर्गीकरण (विनियोजन,राजस्व,धरौटी र अन्य कारोवार)

२०७५।७६

रु.हजारमा)

क्रस	स्थानीय तह	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्यौट			बाँकी बेरुजू			बेरुजू								
		दफा स)ख्या			दफा स)ख्या			दफा स)ख्या				नियमित गनुंपनें					पेश्की		
		सै.	ल.	रकम	सै.	ल.	रकम	सै.	ल.	रकम	असुल गनुंपनें	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभनां नलिएको	जम्मा	कमंचारी पेश्की	अन्य पेश्की	जम्मा
१	गोदावरी नगरपालिका	२९	४४	१७१६५३	०	०	०	२९	४४	१७१६५३	१८०८	३६६११	९६१४७	०	०	१३२७५८	१२०४२	२५०४५	३७०८७

अनुसूची ३

अद्यावधिक वेरुजू स्थिति

२०७५।७६

(रु.हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला	गत बर्ष सम्मको बाकी	यो वर्षको फछ्र्यौट	बांकी	यो वर्ष सं.प.वाट कायम भएको वेरुजू	यो वर्षको वेरुजू	कुल बाकी वेरुजू
१	गोदावी नगरपालिका	कैलाली	१०७३०३	१२६४८	९४६५५	०	१७१६५३	२६६३०८